
# जिरी नगरपालिका नगर शिक्षा योजना, २०८२-२०८६




जनी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय,**

**दोलखा, बागमती प्रदेश, नेपाल**

जिरी नगरपालिका

Clean Jiri, Green Jiri, Organic Jiri

JIRI MUNICIPALITY

जिरी, दोलखा

**जिरी नगरपालिका नगर शिक्षा योजना २०८२-०८६**

**योजना निर्माण समितिको विवरण**

१. केशव कुमार कार्की : संयोजक

२. खेटराज घिमिरे : सदस्य

३. पदेमान जिरेल : सदस्य

४. डा. रबिन्द्र बिलास मरहट्टा : सदस्य

५. कुमार जिरेल : सदस्य

६. आङबाव शेर्पा : सदस्य

७. केन्द्रज्योती खड्का : सदस्य

८. जयन्ती प्रधान : सदस्य

९. केदार प्रसाद दहाल : सदस्य सचिव

## हाम्रो भनाइ

नेपालको संविधानमा माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको एकल अधिकार क्षेत्रमा हुने भनी उल्लेख गरिएको छ । सोहीअनुसार जिरी नगरपालिकाले नगरभित्र शैक्षिक उन्नयनका लागि योजना निर्माण, कार्यान्वयन, नियमन, निर्देशन लगायतका व्यवस्थापकीय दायित्व बहन गरिरहेको छ । दिगो विकासका लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेको प्रतिवद्धता, सोह्रौं आवधिक योजना एवम् विद्यालय शिक्षा क्षेत्र योजनाले लक्षित गरेका उद्देश्यहरू हासिल गर्न सबै तहका सरकारहरूको उत्तिकै दायित्व रहेको हुन्छ । यसै सन्दर्भमा संघीय एवम् प्रदेश सरकारले कार्यक्रम मार्गदर्शन एवम् योजनाका खाकाहरू उपलब्ध गराउने एवम् आवश्यक क्षमता विकास गर्ने जस्ता कार्यहरू निरन्तर रुपमा गरिरहेको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरे अनुरूप क्षेत्रगत रूपमा आवधिक तथा दीर्घकालीन योजनाहरू निर्माण एवम् कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको भएकाले नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् शिक्षा क्षेत्रका सूचकहरूको अवस्था ध्यानमा राखी यो पाँचवर्षे **जिरी नगरपालिका नगर शिक्षा योजना, २०८२-२०८६** तयार गरी नगर सभाको मिति २०८२/०३/०० गतेको निर्णयबाट पारित गरिएको छ ।

यो आवधिक योजना निर्माणमा जिरी नगरपालिकाको समुदायस्तर तथा वडास्तरमा सरोकारवालासँग सुझाव संकलन, छलफल तथा परामर्श गरी विगतमा गरिएका कार्यक्रमहरूको कार्यान्वयन, नतिजा तथा प्राप्तिहरू, तिनको सफलता र प्रभावकारिता तथा हासिल भएका अनुभव तथा सिकाइहरूको विश्लेषण तथा समीक्षा गरिएको थियो । यो योजनाको दस्तावेज तयार गर्ने कार्यमा अमूल्य समय दिई अहोरात्र खटी योजनालाई अन्तिम रुप दिनुहुने नगर शिक्षा योजना निर्माण समितिका संयोजक लगायत सम्पूर्ण सदस्यहरुलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौं । यस कार्यमा अभिमुखीकरण लगायत विभिन्न समयमा सल्लाह सुझाव प्रदान गर्नु हुने चिकित्सा शिक्षा आयोगका उप सचिव अर्जुन ढकाल एवं शिक्षा तथा मानवस्रोत विकास केन्द्रका शाखा अधिकृत मिना रेग्मीलाई हार्दिक धन्यवाद् दिन चाहन्छौं । यस योजना निर्माण गर्ने क्रममा आफ्ना अमूल्य सुझाव प्रदान गर्नु हुने जिरी नगरपालिकाका समाजसेवी तथा शिक्षाप्रेमी, अभिभावक, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी सबैप्रति आभार प्रकट गर्न चाहन्छौं ।

अन्त्यमा, यो योजना नगरपालिकालाई शिक्षा क्षेत्रको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न, अन्य विषयगत क्षेत्रका योजनाहरूसँगको सामिप्यता विश्लेषण गरी नतिजामुखी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई पहुँच, समतामूलक र गुणस्तरीय शिक्षाका लागि लक्ष्यमा पुग्न यो योजना मार्गदर्शक बन्ने विश्वास गरिएको छ  सार्थै यो योजनाको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला सबैको सकारात्मक सहयोगको अपेक्षा गरिन्छ ।

जिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जिरी, दोलखा

## विषय सूची


| | |
|---|---|
| योजनाको सारांश | |
| १. विषय प्रवेश | १ |
| २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | २ |
| ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य | ५ |
| ४. शिक्षा योजना निर्माणका आधार | ५ |
| ५. शिक्षा योजना निर्माण प्रक्रिया | ५ |
| ६. योजनाको लेखाजोखा | ६ |
| ७. योजनाको दस्तावेजको स्वरूप | ६ |
| परिच्छेद १ परिचय | ८ |
| १.१. पृष्ठभूमि | ८ |
| १.१.१. जिरी नगरपालिकाको परिचय | १० |
| क) नगरपालिकाको भौगोलिक अवस्थिति र सिमाना | ११ |
| ख) लिङ्ग आधारमा कुल जनसङ्ख्याको वडागत वितरण अवस्था | ११ |
| ग) सामाजिक तथा सांस्कृतिक अवस्था | १२ |
| घ) आर्थिक अवस्था | १७ |
| १.१.२. नगरपालिकाको शैक्षिक अवस्था | १९ |
| क) शैक्षिक संस्थाको विवरण | १९ |
| ख) वडागत शैक्षिक संस्थाको विवरण | २० |
| ग) जिरी नगरपालिकाभित्र रहेका विद्यार्थी विवरण | २० |
| घ) विद्यालयतहमा अध्यनरत छात्रछात्राको सङ्ख्या | २१ |
| ङ) विद्यार्थीको सूचकगत तथ्याङ्क | २१ |
| च) शैक्षिक तहका आधारमा शैक्षिक अवस्थाको वर्गीकरण | २२ |
| छ) जनजाति, मधेशी र दलित जनसङ्ख्याको शैक्षिक अवस्थाको वर्गीकरण | २३ |
| ज) अपाङ्गता अनुसार शैक्षिक वर्गीकरण | २३ |
| झ) शिक्षक तथा कर्मचारी विवरण | २४ |
| ञ) शिक्षक दरबन्दी (सामुदायिक विद्यालय) | २४ |
| ट) शिक्षणसंस्थाहरूमा खानेपानीको अवस्था | २५ |

ठ) विद्यालयहरूमा शौचालयको अवस्था २६

ड) नगरपालिकाभित्रका विद्यालयमा रहेका साधन स्रोत तथा सेवाहरू २७

ढ) विद्यालयहरूमा दिवाखाजाको व्यवस्था २७

ण) विद्यालय भवन र कक्षाकोठा २८

१.२. मुख्य समस्याहरू २८

१.३ शिक्षाक्षेत्रका चुनौतीहरू ३१

१.४. अवसरहरू ३२

परिच्छेद २ लक्ष्य निर्धारण ३४

२.१. दूरदृष्टि ३४

२.२. लक्ष्य ३४

२.३. उद्देश्य ३४

२.४ रणनीति तथा कार्यनीति ३५

२.५ अपेक्षित मुख्य उपलब्धि ४९

२.६. मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण ५१

परिच्छेद ३  विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू ५९

३.१. प्रारम्भिक बालविकास र शिक्षा ५९

३.२. आधारभूत शिक्षा ६५

३.३. माध्यमिक शिक्षा ७४

३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा ८१

३.५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ ८८

परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ९५

४.१. पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ९५

४.२. शिक्षक व्यवस्थापन र विकास १०५

४.३. शैक्षिक समता र समावेशीकरण १११

४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम १२१

४.५. विद्यालय सुरक्षा, विपत्, न्यूनीकरण तथा उत्थानशीलता १३०

४.६. विद्यालय भौतिक पूर्वाधार विकास १३७

४.७. विद्यालयमा सूचना र सञ्चार प्रविधि १४३

परिच्छेद ५ अन्य उपक्षेत्र १५०
५.१ अभिभावक शिक्षा १५०
परिच्छेद ६ सुशासन तथा व्यवस्थापन १५७
६.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास १५८
६.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध १६७
परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन १७२
परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन १८४
सन्दर्भसामग्री १८९
अनूसूची १९१

**तालिकाहरू :**

तालिका नं. १ : लिङ्ग अनुसार वडागत जनसङ्ख्याको वर्गीकरण
तालिका नं. २: लिङ्गका आधारमा जातजातिको जम्मा जनसङ्ख्या
तालिका नं. ३. : लिङ्गका आधारमा धर्मअनुसारको जनसङ्ख्या
तालिका नं. ४. : शैक्षिक संस्थाको विवरण
तालिका नं. ५. : वडागत शैक्षिक संस्थाको विवरण
तालिका नं. ६. : विद्यार्थी विवरण
तालिका नं. ७. : छात्रछात्राको सङ्ख्या
तालिका नं ८. : विद्यार्थीको सूचकगत तथ्याङ्क
तालिका नं.९. : शैक्षिक तहका आधारमा शैक्षिक वर्गीकरण
तालिका नं. १०. : जनजाति, मधेशी र दलित अनुसार शैक्षिक वर्गीकरण
तालिका नं. ११. : अपाङ्गता अनुसार शैक्षिक वर्गीकरण
तालिका नं. १२. : शिक्षक, कर्मचारी विवरण
तालिका नं.१३. : कार्यरत शिक्षक विवरण
तालिका नं.१४. : विद्यालयहरूमा खाने पानी उपलब्धताको अवस्था
तालिका नं.१५. : नगरपालिकाभित्रका विद्यालयमा भएका शौचालयहरूको विवरण
तालिका नं.१६. : नगरपालिकाभित्रका विद्यालयमा भएका सेवा
तालिका नं.१७. : विद्यालयहरूमा दिवाखाजा व्यवस्थाको विवरण
तालिका नं.१८. : विद्यालय भवन र कक्षाकोठा विवरण

# योजनाको सारांश

## १. विषय प्रवेश :

शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना तयार भई कार्यान्वयनमा रहेको छ। त्यसैगरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको शिक्षा योजना निर्माण भई कार्यान्वयनमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहमा हस्तान्तरण गरे पश्चात शिक्षा क्षेत्रका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भई रहेका छन्। सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य परिपूर्ति गर्नको लागि शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। यसै सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजनामा उल्लेखित योजना निर्माणको प्रक्रिया तथा ढाँचा अवलम्वन गरी यो **जिरी नगरपालिका नगर शिक्षा योजना, २०८२-०८६** तयार गरिएको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, शिक्षा नीति तथा विद्यमान ऐन कानुनले प्राथमिकतामा राखेका नीति तथा कार्यक्रमहरुलाई सङ्घीय संरचना अनुरुप कार्यान्वयन गर्नको लागि विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय तह, प्रदेश तह र स्थानीय तहमा नयाँ योजनाको आवश्यकता देखिएको छ। वर्तमान विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय, नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्न र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयार गरेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको १० वर्षे शिक्षा योजना निर्माणको थालनी भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार कार्यान्वयन गर्नको लागि पनि शिक्षा योजना निर्माण र कार्यान्वयनको आवश्यकता रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानूनी व्यवस्था समेत गरेको छ। सङ्घीय सरकार, प्रदेश सरकार एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरी सामुहिक लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि शिक्षा योजनाको आवश्यकता महशुस गरी विद्यालय शिक्षा क्षेत्र योजनामा आधारित भई ५ वर्षे नगर शिक्षा योजना तयार गर्ने लक्ष्य रहेको छ।

## ३. नगर शिक्षा योजना निर्माणको औचित्य :

३.१. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता, विद्यालयमा अर्थपूर्ण सहभागिताका लागि वञ्चित समूह, समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँच सम्बोधन गर्न,

३.२. आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको समान प्रवेश, बालबालिकाको क्षमता, आवश्यकता र परिवेश अनुसार सफल जीवनयापनका लागि आवश्यक सिपहरूको विकास गर्न,

३.३. विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरूलाई विद्यालयमा टिकाइ राख्ने र शैक्षणिक सिकाइ  पश्चात सीपको उद्देश्य पूरा गर्न,

३.४. लैङ्गिक असमानता, अपाङ्गता, भाषा, जातीयता, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाईमा सुधार ल्याउन,

३.५. तीन तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न,

३.६. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न,

३.७. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,

३.८. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,

३. ९. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,

३.१०. नगरपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरी समस्या समाधानका उपायहरु कार्यान्वयन गर्न,

## ४. नगर शिक्षा योजना निर्माणका आधार :

यस शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ ।

४.१. नेपालको संविधान

४.२. सोह्रौं आवधिक योजना

४.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४.४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४.५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

४.६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

४.७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६,

४.८. शिक्षाको सोचपत्र २०७९

४.९. विद्यालय शिक्षामा समता रणनीति

४.१०. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

४.११. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.१२. स्थानीय तहको मध्यमकालीन खर्च संरचना

४.१३. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१४. विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि)

४.१५. शिक्षा ऐन, २०२८ (संशोधनसहित)

४.१६. शिक्षा नियमावली, २०५९ (संशोधनसहित)

४.१७. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५

४.१८. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७

४.१९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८

४.२०. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५

४.२१. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

४.२२. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९

४.२३. नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४

४.२४. बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन ) सम्बन्धी मापदण्ड, २०८०

४.२५. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०

४.२६. विशेष कारणको अवस्थामा रहेका शिक्षकहरूको व्यवस्थापनसम्वन्धी निर्देशिका, २०८०

४.२७. शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८०

४.२८. शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०

४.२९. विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०

४.३०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०

४.३१. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८

४.३२. अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७

४.३३. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५

४.३४. स्यानिटरी प्याडसम्बन्धी कार्यविधि, २०७६

४.३५. गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)

४.३६. किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७

४.३७. विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७

४.३८. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४

४.३९. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन (संशोधनसहित) निर्देशिका, २०६०

४.४०. व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ (प्राविधिक तथा व्यावसायिक माध्यामिक शिक्षा)

४.४१. शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७४

४.४२. परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८

४.४३. दिगो विकास लक्ष्य, २०३० र राष्ट्रिय कार्यढाँचा

४.४४. राष्ट्रिय शिक्षा नीति, २०७६

४.४५. बृहत् विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५

४.४६. विद्यालय शिक्षाको एकीकृत समता रणनीति, सन् २०१४

४.४७. बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०

४.४८. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७

४.४९. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ( संशोधनसहित)

४.५०. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०

४.५१. सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६

४.५२. विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०

४.५३. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०

## ५. शिक्षा योजना निर्माण प्रक्रियाः

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिने अपेक्षाका

साथ सहभागितामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ। जिरी नगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. जिरी नगरपालिका, नगर कार्यपालिकाको बैठकद्वारा नगर शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको नगर शिक्षा योजना निर्माण समिति गठन भएको ।
२. समितिको बैठक बसी नगर शिक्षा योजनाको लागि अभिमुखीकरण कार्यशाला सञ्चालन गरिएको ।
३. सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या, चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT Analysis तथा Gap Analysis गरिएको ।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको ।
५. योजनालाई मूर्तरूप दिन योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।
६. शिक्षा योजना निर्माण समितिबाट योजनाको लेखन, छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको ।
८. विभिन्न प्रकारका सुझाव, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।
९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण समितिबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको ।
१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
११. नगर कार्यपालिकाको मिति प्रमाणित गरिएको २०८२/०२/३० गतेको बैठकबाट स्वीकृत तथा सिफारिस भई मिति : २०८२/०३/०४ गतेको नगर सभाबाट प्रमाणित गरिएको ।

**६. योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको **परिच्छेद १** मा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु, चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ। **परिच्छेद २** मा यस योजनाका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण प्रस्तुत गरिएको छ। **परिच्छेद ३** मा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। **परिच्छेद ४** मा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको

छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । **परिच्छेद ५** मा अन्य उपक्षेत्र अन्तरगत अभिभावक शिक्षा समावेश गरिएको छ । **परिच्छेद ६** मा सुशासन तथा व्यवस्थापन अन्तरगत शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास र स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धको विषय प्रस्तुत गरिएको छ । **परिच्छेद ७** मा योजनाको लगानी र स्रोत व्यवस्थापनको विषय समेटिएको छ। **परिच्छेद ८** मा कार्यन्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरुको अनुगमन र मूल्याङ्कन उल्लेख गरिएको छ ।

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । साथै अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । सामाजिक, आर्थिक तथा साँस्कृतिक रूपान्तरण गरी राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय तथा जीवनपर्यन्त शिक्षाको समान अवसरको अनुभूति सहित दिगो विकास, असल संस्कार, सामाजिक मूल्य र मान्यताको प्रवर्द्धन गरी राष्ट्रको लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षाको भूमिका महत्वपूर्ण हुने गर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहका फरक अधिकार र क्षेत्रहरु तोकिएको छ । संघ र प्रदेशको साझा अधिकार सूची, संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची समेत नेपालको संविधानको अनुसूची ७ र ९ मा उल्लेख छ । साथै अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार समावेश गरिएको सन्दर्भमा माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरिएको अवस्था छ ।

योजनाबद्ध विद्यालय सञ्चालन तथा व्यवस्थापन, शिक्षक व्यवस्थापन, क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषण, स्रोत व्यवस्थापन, विद्यालय अनुगमन तथा निरीक्षण जस्ता विविध पक्षहरुले प्राथमिकता साथ योजनामा स्थान पाई कार्यान्वयनमा आउँदा शिक्षाको समग्र पक्षमा सुधार हुने अपेक्षा गर्न सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आए सँगै आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी संचालन र व्यवस्थापन गरी गुणस्तरीय शिक्षा, समावेसी पहुँच, स्थानीय आवश्यकता, सुशासन लगायतका विषयहरुको सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग तथा परिचालन गर्न आवश्यक हुन्छ । यसका लागि स्थानीय तहले आफ्नो आवश्यकतामा आधारित सहजै कार्यान्वयन गर्न सक्ने शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्न र गराउन आवश्यक छ । शैक्षिक विकास नै नगरको समग्र विकासको मार्गदर्शन हो भन्ने मूल मर्म सहित स्थानीय आवश्यकता र नेपाल सरकारले राखेको दीर्घकालीन सोच सहितको समृद्ध राष्ट्र निर्माण गर्ने सबैभन्दा उपयुक्त लगानी नै शिक्षामा लगानी हो ।

यसै सन्दर्भमा नेपालको संविधानमा भएका शैक्षिक प्रावधान, दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजनाका लक्ष्यहरू र कोभिड-१९ बाट भएको शैक्षिक क्षति समेतको परिपूरण गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं २०७८ देखि २०८८ सम्म विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको र शिक्षा क्षेत्रलाई माथि उठाउने उद्देश्यले

प्रत्येक स्थानीय तहको शैक्षिक विकासलाई योजनाबद्ध गर्ने गरी शिक्षा योजना निर्माणको अवधारणा अगाडि बढिरहेको अवस्था छ । तीनै तहका सरकारले निर्माण गर्ने योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा विकास गर्ने महत्वपूर्ण लक्ष्यलाई आत्मसात् गरी विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवं निःशुल्क बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको विश्वास तथा आकर्षण बढाउनुका साथै यस नगरपालिकालाई शैक्षिक गन्तव्यको रुपमा विकास गरी स्थानीय आवश्यकताको पहिचान सहित ५ वर्षे **जिरी नगरपालिका नगर शिक्षा योजना, २०८२-०८६** निर्माण गरिएको छ ।

## १.२ जिरी नगरपालिकाको परिचय

जिरीलाई नेपालको ज्युरिचको रुपमा चिनिन्छ । स्वीट्जरल्याण्डको ज्युरिचसँग तुलना गरी जिरीलाई नेपालको स्वीट्जरल्याण्ड उपमा दिइएको छ । जिरी नगरपालिका एक पर्यटन र व्यापारिक केन्द्रको रुपमा परिचित हरियाली, प्राकृतिक सुन्दरता तथा ग्रामीण परिवेशले सजिएको नगरीको रुपमा सुपरिचित छ । पहिले यातायातको सुविधा नहुँदा, पर्यटकहरू सगरमाथा आरोहणको लागि यस स्थानबाट जाने भएकोले यसलाई सगरमाथाको प्रवेशद्वार पनि भनिथ्यो । नेपालका नगरपालिकाहरु मध्ये चौतर्फी सम्भावना बोकेको नगरपालिकाको रुपमा जिरी नगरपालिका रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको जनसंख्या १६,१०९ रहेको छ जसमध्ये महिलाको जनसंख्या ८,३०० (५१.५२%) र पुरुषको जनसंख्या ७८०९ (४८.४८%) रहेको छ । यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । सोहि तथ्याङ्क अनुसार क्रमशः क्षेत्री ४,५३४ जना (२८.१४%), जिरेल ३,५६२ (२२.११%) शेर्पा ३,०४१ ( १८.८८%) को बसोबास रहेको छ भने अन्य जातजातिहरु तमाङ, सुनुवार, नेवार लगायत सबै भन्दा कम ११ जना तराई-ब्राह्मणहरुको बसोबास रहेको छ ।

यस नगरपालिकामा विभिन्न मातृभाषा बोल्ने मानिसहरू रहे पनि सबभन्दा बढी नेपाली, जिरेल र शेर्पा भाषा नै प्रचलनमा छ । केही जातिले आ-आफ्नै मातृभाषा बोल्ने गरेको पाइन्छ । नेपाली, तामाङ, जिरेल, सुनुवार र शेर्पा यहाँ बोलिने प्रमुख मातृभाषाहरु हुन् । यहाँका मानिसहरु आ-आफ्नो रीतिरिवाज, रहनसहन, लवाइखवाइ आदिलाई अपनाउँदै आफ्नो संस्कृतिको जगेर्ना गर्दै आएका छन् ।

यस नगरपालिकाका बहुसङ्ख्यक मानिस कृषि पेशामा नै आधारित छन् । त्यस बाहेक व्यापार, नोकरी, ज्यालादारी आदि व्यवसायहरु पनि अपनाएको पाइन्छ । यस नगरपालिकाको भू-बनोट अनुसार कृषि उत्पादनको दृष्टिकोणबाट अधिकांश क्षेत्र दक्षिणतर्फ ढल्केको हुँदा कृषि बालीको लागि अत्यन्त उर्वराक्षेत्र मानिन्छ । खासगरी यहाँको कृषि उत्पादनको रुपमा मकै, गहुं, कोदो रहेका छन् भने नगदे बालीमा आलु,

विभिन्न तरकारी खेती आदि रहेका छन् । यसका अतिरिक्त किवी खेती, ट्राउट माछा पालनतर्फ पनि यहाँका किसानहरुको आकर्षण वढ्दै गएको पाइन्छ ।

नगरपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म अध्यापन हुने सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरु रहेका छन् । जिरी प्राविधिक शिक्षालय यस क्षेत्रकै शैक्षिक आकर्षणको केन्द्र हो । अध्ययनका लागि नगरक्षेत्रका स्थानीय विद्यार्थीका अलवा अन्य स्थानबाट समेत आउने गरेका छन् । उच्च शिक्षाका लागि जिरी क्याम्पस र जिरी बुद्धिष्ट कलेज जस्ता शैक्षिक संस्थाहरु रहेका यस नगरपालिकाका प्राय सबै शैक्षिक संस्थाहरुमा आवश्यकताअनुसारको भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापन छ । जिल्लास्तरीय नतिजाका आधारमा यस नगरपालिकाको शैक्षिक नतिजा उत्कृष्ट रहेको छ । यहाँको अत्यन्त मनोरम हावापानी तथा सुन्दर स्थलहरुमा अवस्थित शैक्षिक संस्था तथा अध्ययन अध्यापनका लागि उपयुक्त वातावरणले गर्दा अन्य क्षेत्रबाट समेत विद्यार्थीहरुको आगमन हुने गरेको छन् । तसर्थ जिरी नगरपालिकालाई एक शैक्षिक गन्तव्यको रुपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

### १.२.१ नगरपालिकाको धरातलीय स्वरुप

नेपालको मानचित्रमा २७°३३'४८" देखि २७°४६'२६" उत्तरी अक्षांससम्म र ८६°११'१९" देखि ८६°२५'५०" पूर्वी देशान्तरसम्म फैलिएर रहेको जिरी नगरपालिका बागमती प्रदेश अन्तर्गत दोलखा जिल्लाको साविकको श्यामा, माली, ठूलोपातल र जिरी गा.वि.स. मिलेर बनेको नगरपालिका हो । समुद्र सतहबाट १६४९ मिटर देखि ५३४१ मिटर सम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल २११.२५ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ । नगरपालिकाको पूर्वमा रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका, पश्चिममा बैतेश्वर र गौरीशंकर गाउँपालिका, उत्तरमा गौरीशंकर गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका र गोकुलगंगा गाउँपालिका रहेका छन् ।

### जिरी १.२.२ नगरपालिकाको जनसांख्यिक विवरण

| जिरी नगरपालिका | परिवार संख्या | जम्मा जनसंख्या | पुरुषको संख्या | महिलाको संख्या | परिवारको औषत आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | ४२४४ | १६१०९ | ७८०९ | ८३०० | ३.८ | ९४.१ |
| **वडागत विवरण** | | | | | | |
| **वडा नं. १** | ३५६ | १८८३ | ९३६ | ९४७ | ५.२९ | ९८.८ |
| **वडा नं. २** | ४२५ | १५१५ | ७४४ | ७७१ | ३.५६ | ९६.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **वडा नं. ३** | ४२२ | १४७३ | ६९९ | ७७४ | ३.४९ | ९०.३ |
| **वडा नं. ४** | ४३९ | १५८५ | ७५४ | ८३१ | ३.६१ | ९०.७ |
| **वडा नं. ५** | ५६७ | २०४५ | ९६३ | १०८२ | ३.६१ | ८९ |
| **वडा नं. ६** | ५६१ | २११३ | १०२७ | १०८६ | ३.७७ | ९४.६ |
| **वडा नं. ७** | ४६८ | १८०० | ८६६ | ९३४ | ३.८५ | ९२.७ |
| **वडा नं. ८** | ५१० | १७९८ | ८७६ | ९२२ | ३.५३ | ९५ |
| **वडा नं. ९** | ४९६ | १८९७ | ९४४ | ९५३ | ३.८२ | ९९.१ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### १.२.३ जिरी नगरपालिकाको उमेर समूह अनुसारको जनसंख्या विवरण

| उमेर समुह | जिरी नगरपालिका उमेर समुह अनुसार जनसंख्या | | |
|---|---|---|---|
| | कुल जनसंख्या | पुरुष | महिला |
| | १६१०९ | ७८०९ | ८३०० |
| **०-४** | ११३४ | ५९५ | ५३९ |
| **५-९** | १३४८ | ६८२ | ६६६ |
| **१०-१४** | १३३६ | ६५० | ६८६ |
| **१५-१९** | १६४९ | ७८९ | ८६० |
| **२०-२४** | १४७४ | ६९१ | ७८३ |
| **२५-२९** | १४१७ | ६७७ | ७४० |
| **३०-३४** | १२५० | ५९३ | ६५७ |
| **३५-३९** | ११२६ | ५५४ | ५७२ |
| **४०-४४** | ८३९ | ४०२ | ४३७ |
| **४५-४९** | ७४० | ३५० | ३९० |
| **५०-५४** | ९१९ | ४३६ | ४८३ |
| **५५-५९** | ७७९ | ३८२ | ३९७ |
| **६०-६४** | ६७७ | ३३६ | ३४१ |
| **६५-६९** | ५१८ | २४५ | २७३ |

| | | | |
|---|---|---|---|
| **७०-७४** | ३७० | १८१ | १८९ |
| **७५-७९** | २५५ | १२२ | १३३ |
| **८०-८४** | १५२ | ६६ | ८६ |
| **८५-८९** | ८३ | ३९ | ४४ |
| **९०-९४** | ३१ | १३ | १८ |
| **९५+** | १२ | ६ | ६ |

***स्रोतः राष्ट्रिय जनगणना, २०७८***

### १.२.४ नगरपालिकाको आर्थिक अवस्था

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, साना उद्योग, सेवामुलक व्यवसायहरु, नोकरी, व्यापार (थोक, खुद्रा बजार), होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी भएको यस नगरपालिकाका कतिपय स्थानहरुमा कृषिको लागि उपयुक्त उर्वर माटो रहेको छ । नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकाका सबै वडाहरुमा सडक सञ्जालको विस्तारले ग्रामिण क्षेत्रमा पहुँचमा सहजता भएको छ । त्यसैगरी नगरपालिकामा विद्यमान रहेको प्राविधिक शिक्षा, कृषि पर्यटनको विकास, सुन्दर प्राकृतिक बनावट, वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप टेवा पुगेको छ । यस नगरपालिकामा विभिन्न साना तथा घरेलु उद्योगहरु समेत सञ्चालनमा रहेका छन् । जैविक विविधता एवं साँस्कृतिक तथा धार्मिक विविधताका कारण जिरी नगरपालिका नेपालको उत्कृष्ट पर्यटकीय गन्तव्यहरु मध्येमा पर्दछ । यहाँ वर्षेनी हजारौं पर्यटकहरुको आवगमन हुने गरेको छ जसकारण पर्यटन व्यावसाय पनि आर्थिक आम्दानीको मुख्य श्रोतको रुपमा रहेको छ ।

### १.२.५ संस्कृति, कला, भाषा र साहित्य

जिरी नगरपालिका साँस्कृतिक हिसाबले धनी नगरपालिकाका रुपमा रहेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । जिरीको मुख्य आदिबासी जिरेल जाति हो । जिरेल संस्कृति यहाँको प्रमुख हो । यसका साथै शेर्पा, तामाङ, नेवार, सुनुवार लगायका जातजातिहरुको समेत आफ्नै भाषा, कला तथा साँस्कृतिक पहिचान रहेको छ । विशेषत दौरा, सुरुवाल, गुन्यु चोलो, बख्खु, लुकुनी आदि यस क्षेत्रका मानिसहरुले प्रयोग गर्ने मुख्य वेषभूषा हुन् ।

### १.२.६ मुख्य चाडपर्वहरु

यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र वेशभूषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश

हिन्दू र बौद्ध धर्म मान्ने मानिसहरु रहेका छन् भने केही संख्यामा इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा दशैं तिहार, ल्होसार आदि प्रमुख चाडपर्वहरु रहेका छन् ।

## १.३ जिरी नगरपालिकाको बर्तमान शैक्षिक अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २,६७,२५,२९५ जनसंख्यामा २,०३,७७,९८० जना पढ्न र लेख्न दुवै जान्ने देखिएको छ। यस अनुसार देशको समग्र साक्षरता दर ७६.२ प्रतिशत रहेको छ । जसमा पुरुषको साक्षरता दर ८३.६ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहको छ । त्यसैगरी दोलखा जिल्लाका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल १,६०,८५८ जनसंख्यामा १,१६,३१२ जना पढ्न र लेख्न दुवै जान्ने देखिएको छ। यस अनुसार जिल्लाको समग्र साक्षरता दर ७२.३१ प्रतिशत रहेको छ। जसमा पुरुषको साक्षरता दर ८१.०७ प्रतिशत र महिलाको साक्षरता दर ६४.१६ प्रतिशत रहेको छ। त्यस्तै जिरी नगरपालिकाका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल १४,९७५ जनसंख्यामा १०,८४८ जना पढ्न र लेख्न दुवै जान्ने देखिएको छ । यस अनुसार नगरको समग्र साक्षरता दर ७२.४४ प्रतिशत रहेको छ। जसमा पुरुषको साक्षरता दर ८०.६९ प्रतिशत र महिलाको साक्षरता दर ६४.७७ प्रतिशत रहेको छ।

### १.३.१ जिरी नगरपालिकामा रहेका शैक्षिक संस्थाहरु

**जिरी प्राविधिक शिक्षालय**

यस जिरी नगरपालिकामा प्राविधिक शिक्षाको पठनपाठनको लक्ष्यसहित CTEVT को आंगिक शिक्षालयको रुपमा जिरी प्राविधिक शिक्षालय वि.सं. २०४० सालमा स्थापाना भई हालसम्म अनवरत रुपमा सञ्चालन रहिरहेको अवस्थामा छ । स्थापना कालदेखि यसले कृषि, निर्माण र स्वास्थ्य विषयमा प्राविधिक एस.एल.सी.सरहको ४०/४० जनाका दरले वार्षिक १२० जना विद्यार्थीहरुलाई प्राविधिक शिक्षा दिई स्वरोजगार र रोजगार सुनिश्चित गर्ने गरेको छ। वि.सं. २०७१ बाट कृषितर्फको बाली विज्ञान र पशुविज्ञान तथा २०७५ सालदेखि सिभिल इन्जिनियरिङ र २०८० देखि फार्मेसी र मिडवाईफ्री विषयमा डिप्लोमा तहको पठनपाठन भइरहेको छ । त्यसै गरी समुदायको मागमा आधारित विभिन्न छोटो अवधिको सीप र रोजगारमूलक तालिम पनि सञ्चालन हुने गर्दछ।

**जिरी क्याम्पस**

जिरी क्याम्पस वि.सं. २०५५ सालमा त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्र संकायमा स्नातक तहको सम्बन्धन लिई स्थापना भएको दोलखा र रामेछाप जिल्लाकै पहिलो क्याम्पस हो । यस क्याम्पस जिरी

नगरपालिका वडा नं. ६ चेन्चोडाँडामा १० रोपनी क्षेत्रफलमा अवस्थित छ । वि.सं २०६६ सालबाट व्यवस्थापनतर्फ बि.बि.एस. तहको अध्यापन सुरु भएको यस क्याम्पसमा बि.एड.तर्फ नेपाली, अंग्रेजी, गणित, विज्ञान तथा जनसङ्ख्या शिक्षा मुल विषय र बि.बि.एस.तर्फका विषयहरु पठनपाठन हुने गरेको छ ।

### जिरी बुद्धिष्ट क्याम्पस

वि.सं २०७३ सालमा लुम्बिनी विश्व विद्यालयको सम्बन्धनमा जिरी बुद्धिष्ट कलेजको स्थापनना भएको हो । यो कलेजको स्थापना विशेष गरी बौद्ध दर्शनको अध्ययन अध्यापन गर्ने उद्देश्यले भएको हो । हाल यस कलेजमा स्नातक तह गरी सकेका विद्यार्थीहरुका लागि १ वर्षे PGD कोर्ष र मानविकी तर्फ स्नातक र स्नातकोत्तर तहको अध्ययन अध्यापन हुने गर्दछ । जिरी नगरपालिका वडा नं. ६ मा अवस्थित यो कलेज बौद्ध अध्ययन अनुसन्धान केन्द्र, नेपालले सञ्चालनको व्यवस्था गरेको छ । बौद्ध अध्ययन अनुसन्धान केन्द्र, नेपालले जिरी क्षेत्रमा बौद्ध दर्शन सम्बन्धी अध्ययन अनुसन्धानको कार्य समेत गर्दछ ।

### सहिद स्मृति आवासीय विद्यालय

वि.सं. २०५२ सालबाट सुरु भएको १० वर्षे जनयुद्ध २०६२/६३ मा भएको जनआन्दोलनपछि समाप्त भयो । यस अवधिमा सहिद, बेपत्ता, घाइते तथा अपाङ्ग परिवारका बालबालिकाहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको "द्वन्दपिडित शिक्षा कार्यक्रम" अन्तरगत सहिद प्रतिष्ठान नेपाल मार्फत सहिद, बेपत्ता तथा घाइते परिवारका बालबालिकालाई निशुल्क शिक्षा उपलब्ध गराउने उद्देश्यका साथ वि.सं. २०६६ सालमा दोलखा जिल्लाको जिरी नगरपालिका वडा नं-६ मा श्री सहिद स्मृति आवासीय विद्यालय स्थापना भएको हो । हाल यस विद्यालयमा बागमती, मधेस र कोशी प्रदेशका विभिन्न जिल्लाका २५० जना विद्यार्थीहरु कक्षा १ देखि १२ सम्म आवासीय सुविधा सहित अध्ययनरत छन् ।

### धार्मिक विद्यालय/संघ संस्था

यस जिरी नगरपालिका भित्र कुन्साङ थोन्डोलिङ गुम्बा विद्यालय, जिरी ५ र सर्वखासा गुम्बा विद्यालय, जिरी २ गरी दुई वटा धार्मिक गुम्बा विद्यालयहरु स्थापित छन । यी विद्यालयहरु नेपाल सरकारको एकमुष्ट अनुदानमा सञ्चालन भइरहेका छन् । नेपाल सरकारको पाठ्यक्रम अनुसारका अनिवार्य विषयहरु र बौद्ध शिक्षा सम्बन्धी विषयहरु सम्भोटा लिपिमा पढाइ हुने गरेको छ ।

### सामुदायिक सिकाइ केन्द्र

हाल यस नगरपालिका क्षेत्रभित्र तत्कालिन जिल्ला शिक्षा कार्यालय मार्फत सञ्चालनमा आएका ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन ।

(क) सहयोगी सामुदायिक सिकाइ केन्द्र, जिरी-३

(ख) चेर्दुङ सामुदायिक सिकाइ केन्द्र, जिरी-६

(ग) ठुलोपातल सामुदायिक सिकाइ केन्द्र, जिरी-९

यी सिकाइ केन्द्रहरुले समुदाय स्तरमा ज्ञानवर्द्धक कार्यहरु तथा आयमुलक कार्यक्रमहरु गर्न सचेतनामुलक कार्यहरु सञ्चालन गर्दै आइरहेका छन् ।

### १.३.२ जिरी नगरपालिका भित्रका शिक्षण संस्थाको विवरण

| क.सं. | विद्यालय | | | |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा |
| १ | प्राथमिक विद्यालय | १९ | ० | १९ |
| २ | आधारभूत विद्यालय | १ | ० | १ |
| ३ | माध्यमिक विद्यालय (कक्षा १ देखि १०) | ६ | ३ | ९ |
| ४ | माध्यमिक विद्यालय (कक्षा १ देखि १२) | ३ | १ | ४ |
| ५ | क्याम्पस | ० | २ | २ |
| ६ | प्राविधिक शिक्षालय | १ | ० | १ |
| ७ | बालविकास केन्द्र (नगरबाट) | ४ | ० | ४ |
| ८ | बालविकास केन्द्र | २२ | ० | २२ |
| ९ | धार्मिक विद्यालय (गुम्वा) | २ | ० | २ |
| १० | सामुदायिक अध्ययन केन्द्र | ३ | ० | ३ |

***Source:EMIS record, 2081***

### १.३.३ वडागत विद्यालय विवरण

| वडा नं. | आधारभुत | माध्यमिक | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | १ | २ | १ | ० | ० | १ |
| २ | १ | १ | ० | १ | ० | ० | १ |
| ३ | ३ | ० | ३ | ० | ० | ० | ० |
| ४ | ३ | ० | ० | ३ | ० | ० | ० |
| ५ | १ | २ | ० | १ | ० | २ | ० |
| ६ | ० | ३ | ० | ० | ० | १ | २ |
| ७ | ५ | ० | १ | ४ | ० | ० | ० |
| ८ | ४ | ० | ० | ३ | १ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | २ | २ | १ | १ | ० | २ | ० |
| **जम्मा** | **२२** | **९** | **७** | **१४** | **१** | **५** | **४** |

***Source: EMIS record, 2081***

### १.३.४ तहगत शिक्षक दरबन्दी (सामुदायिक विद्यालय) विवरण

| **क्र.सं.** | **तह** | **अस्थायी** | **स्थायी** | **राहत** | **अन्य** | **जम्मा** | **स्वीकृत दरबन्दी अनुसार शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|---|---|
| १ | बालबिकास | ० | ० | ० | २६ | २६ | १२.०७ |
| २ | प्राथमिक तह (१-५) | ५ | ७२ | १८ | ० | ९५ | १०.५० |
| ३ | निम्न माध्यमिक तह (६-८) | २ | १५ | १३ | ० | २५ | २०.०८ |
| ४ | माध्यमिक तह (९-१०) | २ | ९ | ५ | ० | १६ | १४.६८ |
| ५ | साविक उमावि (११-१२) | ० | ० | ० | ५ | ५ | ३९.६ |
| ६ | संघीय अनुदान | | | | ७ | ७ | |
| ७ | प्रदेश अनुदान | | | | २ | २ | |
| ८ | न. पा. अनुदान | | | | १ | १ | |
| ९ | विद्यालय सहयोगी | | | | २८ | २८ | |
| १० | विद्यालय कर्मचारी | ० | ० | ० | ६ | ६ | |
| | **जम्मा** | **९** | **९१** | **३६** | **७५** | **२११** | |

***Source:EMIS record, 2081***

### १.३.५ कक्षागत विद्यार्थी विवरण

| **कक्षा** | **जम्मा** | | | **कैफियत** |
|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | |
| **प्रारम्भिक बाल विकास** | २२६ | २१६ | ४४२ | |
| १ | ११८ | १४० | २५८ | |
| २ | ११८ | ११५ | २३३ | |
| ३ | १४४ | ११२ | २५६ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | ११० | १४० | २५० | |
| ५ | १२३ | १३३ | २५६ | |
| ६ | १२३ | १०७ | २३० | |
| ७ | १११ | ११९ | २३० | |
| ८ | १५१ | १३७ | २८८ | |
| **जम्मा** | **११२४** | **१२१९** | **२३४३** | |
| ९ | ७२ | ७५ | १४७ | |
| १० | ९४ | १२१ | २१५ | |
| ११ | ६० | ४४ | १०४ | |
| १२ | ६५ | ६६ | १३१ | |
| **जम्मा** | **२९१** | **३०६** | **५९७** | |
| **कुल जम्मा** | **१४१५** | **१५२५** | **२९४०** | |

***Source:EMIS record, 2081***

### १.३.६ जातिगत विद्यार्थी विवरण

| जातजाति | बालबिकास | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|
| **क्षेत्री/ब्राम्हण** | ११६ | ३२१ | २१४ | ९३ | ७३ |
| **जनजाति** | २६८ | ७९९ | ४५४ | २३० | १४५ |
| **दलित** | २४ | ९६ | ५७ | ३४ | २३ |
| **अन्य** | ५८ | ७४ | २१ | ९ | ११ |

***Source:EMIS record, 2081***

### १.४.१ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | IEMIS |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर * | स्थानीय | ८८.७५ | ९० | ९५ | ९८ | | |
| | | प्रदेश | १०९.९ | | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | (%) | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका * (%) | स्थानीय | १०५.५ | १०४ | १०२ | १०० | | |
| | | प्रदेश | ७२.३ | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २. | आधारभूत शिक्षा ( कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | १००.४७ | १०० | १०० | १०० | | |
| | | प्रदेश | ९५.१ | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ९५.४ | ९६ | ९७ | ९९ | | |
| | | प्रदेश | १२२.८ | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५ ) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.४ | ९७ | ९८ | ९९ | | |
| | | प्रदेश | ९६.१ | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा (१-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ९४.८ | ९६ | ९८ | १०० | | |
| | | प्रदेश | १३०.६ | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | १११.० | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९४.८ | ९६ | ९८ | ९९ | | |
| | | प्रदेश | ९८.३ | | | | | |
| | | राष्ट्रिय | ८९.४ | | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर* (%) | स्थानीय | ९६.४ | ९७ | ९८ | १०० | | |
| | | प्रदेश | ८८.७ | | | | | |
| | | राष्ट्रिय | ८७.५ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | | ९४ | ९६ | ९९ | | |
| | | प्रदेश | ९७.५ | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर * | स्थानीय | ९३.८ | | | | | |
| | | प्रदेश | ८७.० | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा | स्थानीय | | २०.० | १५.० | १०.० | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका* (%) | प्रदेश | ७.०६ | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | ०.९५ | | | | | |
| | | प्रदेश | ०.८७ | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (१-८) मा खुद भर्ना दर* (%) | स्थानीय | १०२.२ | १०१ | १०० | १०० | | |
| | | प्रदेश | ९५.९ | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (१-८) मा कुल भर्ना दर* (%) | स्थानीय | ९६.९ | ९७ | ९८ | १०० | | |
| | | प्रदेश | १२८.३ | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८६.९ | ८९ | ९१ | ९३ | | |
| | | प्रदेश | ८६.२ | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर* (%) | स्थानीय | | ८५ | ८७ | ९० | | |
| | | प्रदेश | ८९.८ | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तहको कक्षा (१-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९९ | | | | | |
| | | प्रदेश | ०.८९ | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका ( कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका)<br>नेपाली भाषा | स्थानीय | ८३.८ | ८५ | ८९ | ९२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक मंसिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिमपछि राखिने | | | | | |
| | गणित | स्थानीय | ८४.५ | ८६ | ८९ | ९२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक मंसिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिमपछि राखिने | | | | | |

| क्र.सं. | सूचक | | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या(%) | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ८७.५ | ८८ | ८९ | ९० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ८२ | ८४ | ८६ | ८८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ०.० | ६०.० | ७०.० | | |
| | | अंग्रेजी | स्थानीय | ८२.८१ | ८४ | ८६ | ८८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ७०.७ | ७२ | ७४ | ७६ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ६८.६ | ७० | ७२ | ७४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ७३.१ | ७५ | ७७ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका*(%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ० | ० | ० | ० | | |
| | | | प्रदेश | २.१ | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ०.० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ० | ० | ० | ० | | |
| | | | प्रदेश | ४.७ | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | | १.० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ३९.१६ | ४३ | ४७ | ५० | | |
| | | | प्रदेश | ४७.६८ | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५५.७ | ६० | ७० | ८० | | |
| | | प्रदेश | ६१.२ | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ७१.८ | ७९ | ८४ | ९० | | |
| | | प्रदेश | १००.२ | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.९८ | | | | | |
| | | प्रदेश | ०.९३ | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ९५ | ९७ | ९९ | | |
| | | प्रदेश | ९३.९ | | | | | |
| | | राष्ट्रिय | ९३.४ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ६५ | ७० | ८० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | ५५ | ६५ | ७५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ४.७६ | १० | २० | ३० | | |
| | | प्रदेश | ३४.७० | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा – स्थानीय | ६५.२ | ७० | ७५ | ८० | | |
| | | नेपाली भाषा – प्रदेश | | | | | | |
| | | नेपाली भाषा – राष्ट्रिय | | | | | | |
| | | गणित – स्थानीय | ५४.३ | ६० | ६५ | ७० | | |
| | | गणित – प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ६८ | ७२ | ७६ | ८० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | ७५ | ७८ | ८२ | | |
| | | | प्रदेश | ५४.५ | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ७२.४४ | ७७ | ८४ | ९० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ७२.४४ | ७७ | ८४ | ९० | | |
| | | प्रदेश | | ९३.० | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.८०२ | ०.८५ | ०.९० | ०.९५ | | |
| | | प्रदेश | | ०.९७ | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिकरुपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | ५७.२ | ६० | ६५ | ७० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या ) | स्थानीय | छात्र | | १७० | १८० | २०० | | |
| | | | छात्रा | | १७० | १८० | २०० | | |
| | | प्रदेश | छात्र | | | | | | |
| | | | छात्रा | | | | | | |
| | | राष्ट्रिय | छात्र | | | | | | |
| | | | छात्रा | | | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ६.१ | आधारभूत तह - (कक्षा १-५) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ११:१ | १५:१ | १८:१ | २०:१ | | |
| | | प्रदेश | १५:१ | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २०:१ | २२:१ | २४:१ | २५:१ | | |
| | | प्रदेश | ३२:१ | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १६:१ | १८:१ | २०:१ | २२:१ | | |
| | | प्रदेश | १९:२९ | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा९-१०) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २३:१ | २४:१ | २६:१ | २८:१ | | |
| | | प्रदेश | २३:१ | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी : शिक्षक अनुपात | स्थानीय | ३१:१ | ३२:१ | ३३:१ | ३५:१ | | |
| | | प्रदेश | ३३:१ | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट* (%) | स्थानीय | २.७९ | ३.० | ४.० | ५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | राष्ट्रिय | ११ | १५ | १७ | | | |

**१.५ विद्यालय भवन तथा कक्षाकोठाको अवस्था :** जिरी नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा भवन तथा कक्षाकोठाहरु पर्याप्त रहेका छन् । यद्यपि केही विद्यालयहरुमा भवन तथा कक्षाकोठाहरु थप गर्नुपर्ने अवस्था विद्यमान रहेको छ । साथै योजना अवधिमा विद्यालयहरुका भौतिक पूर्वाधारहरुको मर्मत सम्भारका लागि भने पर्याप्त श्रोत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### १.६ विद्यालयहरुमा खानेपानीको अवस्था

जिरी नगरपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालय र संस्थागत विद्यालय लगायत सबै शैक्षिक संस्थामा खानेपानीको सुविधा पर्याप्त रहेको छ ।

### १.७ विद्यालयहरूमा शौचालयको अवस्था

जिरी नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालय र संस्थागत विद्यालय लगायत अधिकांश शैक्षिक संस्थामा पर्याप्त शौचालय रहेको छ । सबै विद्यालयमा छात्राको लागि छुट्टै शौचालयको व्यवस्था गरिएको छ । त्यसैगरी शिक्षकका लागि विद्यालयमा छुट्टै शौचालयको व्यवस्था गरिएको छ ।

### १.८ जिरी नगरपालिकाभित्रका विद्यालयमा रहेका साधन स्रोत तथा सेवाहरू

जिरी नगरपालिकाभित्रका विद्यालयमा रहेका साधन स्रोत तथा सेवाहरूको विवरणहरू निम्नानुसार रहेका छन् ।

**तालिका नं १ : नगरपालिकाभित्रका विद्यालयमा भएका साधनस्रोत तथा सेवाहरू**

| विवरण | भएका विद्यालयको सङ्ख्या | नभएका विद्यालयको सङ्ख्या |
|---|---|---|
| विद्यालय सुधार योजना (SIP) अद्यावधिक | २८ | ० |
| वि.व्य.स.गठन | २८ | ० |
| शिक्षक अभिभावक सङ्घ गठन | २८ | ० |
| सामाजिक परीक्षण | २८ | ० |

| | | |
|---|---|---|
| आर्थिक लेखापरीक्षण | २८ | ० |
| विद्युत | २८ | ० |
| प्राथमिक उपचार केन्द्र | ४ | २४ |
| विज्ञान प्रयोगशाला | ६ | २२ |
| कम्प्युटर ल्याब | ६ | २२ |
| पुस्तकालय | ६ | २२ |
| बालक्लब | २८ | ० |
| खेल मैदान | २८ | ० |
| शौचालय | २७ | १ |
| इन्टरनेट | २८ | ० |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

### १.९ विद्यालयहरूमा दिवाखाजाको व्यवस्था

जिरी नगरपालिकामा २८ ओटै सामुदायिक विद्यालयहरूमा नेपाल सरकार, अभिभावक तथा गैरसरकारी संस्थाको साझेदारीमा कक्षा १० सम्मका विद्यार्थीहरुका लागि दिवा खाजाको व्यवस्था गरिएको छ ।

### १.१० विद्यालय भवन र कक्षाकोठा

२८ ओटा सामुदायिकमा जम्मा ७५ ओटा भवन रहेका छन । जस मध्ये ढलान गरेका भवनको सङ्ख्या ३० ओटा र टिनको छानो भएका भवन ४५ ओटा रहेका छन् । यस नगरपालिकामा रहेका विद्यार्थीहरूको लागि २४४ ओटा कक्षाकोठाहरू र ९६३ डेक्स बेन्चहरू छन् ।

### १.११ मुख्य समस्याहरू

यस नगरपालिकाको समग्र शैक्षिक उपलब्धिका आधारमा नगरको शिक्षा क्षेत्रमा रहेका मुख्य समस्याहरू निम्नानुसार छन् :

- विद्यालय तहका सबै बालबालिकाहरूलाई सहज पहुँच र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु,
- बालविकास केन्द्र कक्षा मापदण्ड अनुसार सञ्चालन नहुनु,
- विद्यालयबाट टाढाको दुरीमा रहेका बालबालिकालाई बालविकास केन्द्रसम्म सहजरुपमा ल्याउन नसक्नु,
- विद्यालय स्थानान्तरणको दर बढी हुनु,
- उमेर नपुगेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु,

- बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री सिकाइको वातावरण तथा भौतिक संरचनाहरु पर्याप्त नहुनु,
- आधारभूत तहलाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहलाई पूर्णरूपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइको सुनिश्चित नहुनु,
- विद्यालयहरूमा आवश्यक सङ्ख्यामा विषयगत शिक्षकको कमी हुनु,
- शिक्षकहरूको क्षमता विकासका लागि पुर्नताजगी तालिमको कमी हुनु,
- शिक्षकहरुमा पेसाप्रति जिम्मेवार र जवाफदेहीताको कमी हुनु,
- समय सापेक्ष गुणस्तरीय शिक्षा दिने वातावरण निर्माणमा कमजोर हुनु,
- भर्ना भएका विद्यार्थीहरूको निरन्तरता कायम राख्दै पाठ्यक्रमले तोके बमोजिमका सिकाइ सक्षमताहरू हासिल गर्न नसक्नु,
- विद्यालयहरूमा ICT Lab, विज्ञान प्रयोगशाला र पुस्तकालय जस्ता आधारभूत सुविधाको कमी हुनु,
- विद्यालयहरूमा सूचना र प्रविधिको पहुँच समान तवरबाट नपुग्नु,
- प्रयोगशालाका सामग्री तथा अन्य शैक्षिक सामग्रीहरूको अभाव हुनु र भएका पनि प्रभावकारी प्रयोग नहुनु,
- नवीनतम् शिक्षण विधि र प्रविधिको प्रयोगमा कमी हुनु,
- अतिरिक्त क्रियाकलापका लागि शिक्षकको व्यवस्थापन गर्न नसक्नु,
- विद्यालय व्यवस्थापन समितिको सक्रियता र क्षमता कमी हुनु,
- अभिभावक शिक्षामा कमी हुनु,
- विद्यालयमा नियमित सुपरीवेक्षण, पृष्ठपोषण र मूल्याङ्कनमा कमी हुनु,
- विद्यालय परिसर र शौचालयहरूको सरसफाइको कमी हुनु,
- सबै विद्यालयमा स्वास्थ्य जाँच, प्राथमिक उपचारको सुविधा र विद्यालय नर्सको व्यवस्था नहुनु,
- विद्यार्थीहरूको वृत्ति मार्गदर्शनका लागि परामर्श सेवाको कमी हुनु,
- कक्षा दोहोऱ्याउने र छाड्ने दर घटाउन गाह्रो हुनु,
- आधारभुत तहको कक्षा ५ को अन्तमा नगर स्तरीय स्तरीकृत परीक्षा सञ्चालन नहुनु ।
- बालकक्षा र कक्षा १ को बिचमा सिकाई अन्तराल रहनु,
- विद्यालय सञ्चालनका लागि आवश्यक बजेटको कमी हुनु,

- दिगो र पर्याप्त शैक्षिक लगानीको सुनिश्चिता नहुनु,
- शैक्षिक संस्थाहरूको संस्थागत क्षमता कमजोर हुनु,
- निरन्तर शिक्षा, अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,
- विद्यालय शिक्षामा सुशासन कायम गर्न नसक्नु ।

## १.१२ शिक्षाक्षेत्रका चुनौतीहरू

यस नगरपालिकाको समग्र शैक्षिक प्रणालीमा रहेका प्रमुख समस्याहरूका आधारमा प्रमुख चुनौतीहरू यस प्रकार छन् :

- विद्यार्थी संख्याको आधारमा कक्षा समायोजन तथा मापदण्ड अनुसार सञ्चालन गर्नु,
- निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु,
- सेवाक्षेत्र भित्र रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु,
- भौगोलिक विकटताका कारण सहज पहुँच र गुणस्तर कायम गर्नु,
- कक्षा दोहोऱ्याउने र छाड्ने दर शुन्य बनाई अपेक्षित सिकाइ सक्षमता हाँसिल गर्नु
- विद्यालयलाई समुदाय/विद्यार्थीको सिकाई आकर्षण थलोको रुपमा विकास गर्नु,
- विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्नु,
- बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री सिकाइको वातावरण तयार गर्न स्रोत व्यवस्थान गर्नु,
- गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु,
- शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री र प्रविधिमा आधारित बनाउनु,
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याकङ्न प्रणालीमा सुधार गर्नु
- अनौपचारिक र निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु,
- विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु,

## १.१२ अवसरहरू

यस नगरपालिकाको समग्र शैक्षिक उपलब्धि, नगर शिक्षा क्षेत्रमा रहेका प्रमुख समस्याहरू तथा चुनौतीहरूका बाबजुद तपशिलका अवसरहरू मार्फत नगर शिक्षालाई सबल र समुन्नत बनाउन सकिन्छ :

- सबै विद्यालयहरुमा पर्याप्त कक्षाकोठा तथा फर्निचर सहितको भौतिक पूर्वाधारहरु उपलव्ध हुनु,
- प्रारम्भिक बालविकास शिक्षाका कक्षाहरू सञ्चालनमा रहनु,

- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहनु,
- स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु,
- शिक्षामा समावेशिता र शैक्षिक गुणस्तर सुधार हुँदै जानु,
- तीनै तहका सरकारका नीति तथा कार्यक्रमहरू विद्यालय शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न प्रतिबद्ध हुनु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
- शिक्षक सेवा आयोगबाट सक्षम, योग्य शिक्षकहरू सिफारिस हुँदै जानु,
- विद्यालयहरूको संस्थागत संरचनाहरू सन्तोषजनक रुपमा बृद्धि हुँदै जानु,
- आधारभूत तह (कक्षा ८) को परीक्षा सञ्चालन, व्यवस्थापन, प्रमाणिकरण र मूल्याङ्कन हुनु,
- शिक्षकलाई पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्था हुनु,
- आधारभूत तहमा स्थानीय विषय **'हाम्रो जिरी'** पठनपाठन हुनु ।

## परिच्छेद - २ : शिक्षा योजना निर्माणका आधार

जिरी नगरपालिकाको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका विद्यमान समस्या, मुख्य चुनौती तथा अवसरहरूले यस नगरपालिकाको विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्ग पहिचान गर्ने आधार बनेको छ। नगर शिक्षा योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ आधारभूत साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइमा योजनाको अन्त्यसम्म प्राप्त गर्ने उपलब्धिहरूलाई समेटी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धिका सूचकहरू प्रस्तुत गरिएको छ।

### २.१ दूरदृष्टि

**"जिरी नगरपालिकाको प्रतिवद्धता : शिक्षामा पहुँच, समावेशिता र गुणस्तरको सुनिश्चितता"**

### २.२ लक्ष्य

जिरी नगरपालिकामा शिक्षामा सबैको पहुँच सुनिश्चित गरी समाबेशी, समतामुलक र गुणस्तरीय शिक्षा प्रदान गर्ने।

### २.३ उद्देश्यहरू

पहुँच, समावेशी र गुणस्तरीय शिक्षाका लागि जीवनपर्यन्त सिकाइमा जोड दिँदै विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गर्नु यस योजनाको समग्र उद्देश्य हुनेछ। समग्र उद्देश्यको विस्तृतीकरण गर्न निम्नलिखित उद्देश्यहरू रहनेछन् :

- सबै बालबालिकाहरुलाई पारिवारिक वातावरणमा प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नु,
- सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामुलक पहुँच र गुणस्तर सुनिश्चित गरी शिक्षालाई जीवनोपयोगी, प्रविधिमैत्री र रोजगारमूलक बनाउनु,
- पाठ्यक्रमले तोके बमोजिम र बालबालिकाका चाहना अनुरुपका सिकाइ सक्षमताहरु हासिल गर्नु,
- तहगत, विषयगत र कक्षागत रुपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
- प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुलाई क्षमता विकास तालिम प्रदान गर्नु,
- सबै नागरिकका लागि समाहित, समावेशी, जीवनोपयोगी सिपका साथै व्यावहारोपायोगी स्वरोजगारमूलक अवसर सुनिश्चित गर्नु,
- अभिभावक सचेतना र शिक्षामा जोड दिई बालबालिकाहरुको सिकाइमा अभिभावकलाई सहभागी गराउनु।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु,

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गरी गुणस्तरीय बनाउनु,
- शिक्षालाई प्रकृति र संस्कृतिसँग जोडी सिकाइलाई अर्थपूर्ण बनाउनु,
- नगर क्षेत्रभित्र रहेका क्याम्पसहरुको संस्थागत क्षमता विकास गरी उच्च शिक्षाको अवसर प्रदान गर्नु

## २.४ रणनीति तथा कार्यनीति

जिरी नगरपालिका नगर शिक्षा योजना, २०८२ - २०८६, कार्यान्वयन गरी योजनाले तय गरेको दूरदृष्टि, ध्येय तथा उद्देश्यहरूलाई सम्बोधन गर्नका लागि निम्नलिखित रणनीति तथा कार्यनीतिहरू तय गरिएको छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रारम्भिक बालविकास कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई उमेर पुगेका सबै बालबालिकाका लागि अनिवार्य गर्ने , | १. सबै प्रारम्भिक बालविकास केन्द्रहरूको न्यूनतम् पूर्वाधारहरू पूरा गरिनेछ ।<br>२. सबै प्रारम्भिक बालविकास केन्द्रहरूको शैक्षिक वातावरणमा सुधार गरिनेछ ।<br>३. प्रारम्भिक बालविकास केन्द्रमा निर्धारित मापदण्ड अनुरुप सरसफाइ, बसाइ व्यवस्था मिलाइ खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।<br>४. प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरूले पाउने सेवा सुविधालाई समसामयिक बनाइनेछ ।<br>५. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि घरपरिवार, शिक्षक, समुदायलाई जिम्मेवार बनाइनेछ ।<br>६. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।<br>७. प्रारम्भिक बालविकासका सहजकर्तालाई बालमनोविज्ञान, बालमैत्री शिक्षण विधि र नवीन प्रविधि सम्बन्धी नियमित तालिम प्रदान गरिनेछ ।<br>८. प्रारम्भिक बालविकासका अभिभावकहरूका लागि अभिभावक सचेतनामा जोड दिइनेछ ।<br>९. टाढा बस्ने विद्यार्थीहरूका लागि यातायात सुविधाको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | १०. सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरी बजेट तथा स्रोत साधन जुटाइनेछ । |
| २. अनिवार्य, निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच हुने, | १.सिमान्तकृत, पिछडिएका समुदायका बालबालिकालाई विद्यालय प्रवेशमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.विद्यालयमा विद्यार्थी टिकाइ राख्न, कक्षा छाड्ने समस्या समाधान गर्न र विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नको लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.शिक्षण सिकाइलाई बालमैत्री र प्रविधिमैत्री बनाइ अझ प्रभावकारी बनाउन शिक्षकहरूलाई तालिम, तयारी र प्रोत्साहनका कार्यक्रम प्रदान गरिनेछ ।<br>४.विद्यालय बाहिर रहेका सबै बालबालिकहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी नगरपालिकाले आफ्नो सेवाक्षेत्रभित्र कुनैपनि बालबालिका बाहिर नरहेको सुनिश्चित गरिनेछ ।<br>५.शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेशागत क्षमता विकास जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६.विद्यालयहरूलाई सिक्ने र सिकाउने थलोको रुपमा विकास गर्न विभिन्न गैह्र सरकारी सङ्घसंस्थासँग समन्वय गरी थप सुविधाहरू उपलव्ध गराइनेछ ।<br>७.उच्च शैक्षिक गुणस्तर कायम गर्ने विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई पुरस्कृत गरिनेछ ।<br>८.नगरमा उच्च नैतिक आचरण सहितको गुणस्तरीय शिक्षा प्रदान गर्न सरोकारवालाहरूसँग बहस चलाइनेछ ।<br>९.पाठ्यक्रमका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका |

| | |
|---|---|
| | लागि आवश्यक वातावरण निर्माण गरिनेछ । <br>१०.आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनका लागि शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास गरिनेछ । <br>११. प्रारम्भिक बाल कक्षा र कक्षा १ का बिचमा रहेको सिकाई अन्तराललाई पूरा गर्न एउटा कक्षा थप गरिने छ । |
| ३. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्ने , | १.आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरूलाई छात्रवृत्ति र अन्य आर्थिक सहायता प्रदान गरी उनीहरूको विद्यालयमा निरन्तरता सुनिश्चित गरिनेछ । <br>२.डिजिटल शिक्षण सामग्रीहरू विकास गरेर विद्यालयहरूमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । <br>३.भर्ना अभियान तथा घरदैलो कार्यक्रम मार्फत अभिभावक सचेतना गरिनेछ । <br>४.विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूको सक्रिय सहभागिता सुनिश्चित् गरिनेछ । <br>५.विद्यालयहरूमा स्वच्छ शौचालय, पिउने पानी र खेलकुद सुविधाहरूको व्यवस्था गरिनेछ । <br>६.भौगोलिक रुपमा विकट, आर्थिक अवस्था कमजोर विद्यार्थीहरुको लागि छात्रबास छात्रवृत्तिको व्यवस्था गरिनेछ । |
| ४. सबै विद्यालयमा शिक्षाको समान गुणस्तर कायम गर्ने , | १.विद्यालयहरूमा सिकाइका लागि, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने व्यवस्थालाई प्रोत्साहित गरिनेछ । <br>२.शिक्षक र विद्यार्थी अनुपात कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ । <br>३.माग र आवश्यकताका आधारमा शिक्षकको पेसागत विकास, क्षमता अभिबृद्धि र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ४.विद्यालयको सुधार र बालबालिकाहरूको सिकाइ सुधारमा अभिभावकलाई अझ जिम्मेवार बनाउन अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५.शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग अन्तरसम्बन्ध कायम गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।<br>६.सबै प्रधानाध्यापकको नेतृत्व क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै कार्यसम्पादन राम्रो भएका प्रधानाध्यापकलाई प्रोत्साहन गरिनेछ ।<br>७.शिक्षकहरूको विषयगत समिति निर्माण गरी शिक्षण अनुभव आदानप्रदान गर्ने वातावरण निर्माण गरिनेछ ।<br>८.विद्यालयहरूलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन, सामग्री व्यवस्थापन, शिक्षक निर्देशिका, पाठ्यक्रम, तथा डिजिटल शैक्षिक सामग्रीको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>९.सिकाइ उपलब्धि उच्च भएका विद्यालयलाई नगरबाट प्रदान गरिने अनुदानसँग आवद्धता गरिनेछ ।<br>१०.प्रत्येक विद्यालयहरूलाई प्रदान गरिएको कार्यक्रमको कार्यान्वयका सन्दर्भमा अनुगमनको सूचक निर्माण गरी नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिनेछ ।<br>११. विषय विज्ञसहितको टोलीले कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गरिनेछ ।<br>१२. कक्षा ५ को अन्तमा नगरस्तरीय स्तरीकृत परीक्षा सञ्चालन गरिने छ । |
| ५. सुचना तथा प्रविधिको विकास मार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने , | १.शिक्षण सिकाइलाई बालमैत्री र प्रविधिमैत्री बनाई अझ प्रभावकारी बनाउन शिक्षकहरूलाई तालिम, तयारी र प्रोत्साहनका कार्यक्रम प्रदान गरिनेछ ।<br>२.शिक्षण सिकाइ प्रक्रियामा नवीन प्रविधि, नवप्रवर्तन तथा सिकाइ सामग्री व्यवस्थापनलाई प्रवर्द्धन गरिनेछ ।<br>३.सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना |

| | |
|---|---|
| | जनशक्ति तथा उपकरणको प्रबन्ध गरिनेछ ।<br>४.शिक्षण प्रक्रियामा मल्टिमिडिया सामग्रीहरूको प्रयोग गरी विद्यार्थीहरूको सिकाइको प्रभावकारिता बढाइनेछ ।<br>५. शैक्षिक अनुसन्धानलाई प्रोत्साहन गरी नयाँ शिक्षण विधि र प्रविधिको विकास तथा प्रयोग गरिनेछ ।<br>६.अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।<br>७.प्रविधिसँग सुसज्जित स्मार्ट कक्षाकोठाहरू स्थापना गरी शिक्षण प्रक्रियालाई आधुनिक बनाइनेछ ।<br>८.विद्यालयमा डिजिटल पुस्तकालय स्थापना गरी विद्यार्थीहरूलाई विविध अध्ययन सामग्रीहरूमा पहुँच प्रदान गरिनेछ ।<br>९. विद्यार्थीहरूलाई प्रविधिको सही प्रयोग, डिजिटल एथिक्स, र अनलाइन व्यवहारबारे शिक्षित गराइनेछ ।<br>१०.प्रविधि साक्षरताका कार्यक्रमहरू मार्फत अभिभावकहरूलाई समेत प्रविधिसँग परिचित गराउनका लागि नगरपालिका, गैरसरकारी संस्था र निजी क्षेत्रबीच सहकार्य गरी डिजिटल साक्षरताका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| ६. युवाका लागि प्राविधिक तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्ने , | १.प्राविधिक तथा व्यावसायिक तालिम परिषद् र अन्य तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी कार्यस्थलको सिकाइ सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.प्राविधिक विषयहरू पढाउने शिक्षकहरूलाई नवीनतम् प्रविधि र शिक्षण विधिहरूमा तालिम प्रदान गरी उनीहरूको दक्षता वृद्धि गरिनेछ ।<br>३.स्थानीय उद्योगहरू र शिक्षालयहरूबीच सहकार्य गरी इन्टर्नसिप तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४.निश्चित मापदण्डका आधारमा गरिब, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययनको अवसर जुटाइनेछ । |

| | |
|---|---|
| | ५.प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरी रोजगारमूलक बनाइनेछ ।<br>६.प्राविधिक शिक्षामा महिला, आदिबासी र जनजाति, दलित, अपाङ्ता भएका नागरिक एवम् आर्थिकरुपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।<br>७. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गरिनेछ ।<br>८.प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गरिनेछ ।<br>९.सञ्चार कौशल, नेतृत्व विकास, उद्यमशीलता जस्ता सीप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१०.प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरिनेछ । |
| ७. उच्च शिक्षामा पहुँच विस्तार र अवसर सुनिश्चित गर्ने , | १.विद्यार्थीहरूलाई उच्चशिक्षा अध्ययनका लागि शैक्षिक तथा व्यावसायिक परामर्श सेवा प्रदान गरी उचित निर्णय लिन सहायता गरिनेछ ।<br>२.नगरपालिकामा सञ्चालित उच्चशिक्षा अध्ययन अध्यापन गराइने शैक्षिक संस्थाहरूको पूर्वाधार विकासको लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>३.उच्च शिक्षा अध्ययनकालागि अल्पसङ्ख्यक, विपन्न, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतका समूहहरूलाई लक्षित गरी छात्रवृत्ति तथा आर्थिक सहायता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४.उच्च शिक्षा हासिल गरेका नगरवासीहरूको अभिलेख राखिनेछ ।<br>५.स्थानीय समुदायका अभिभावक, सङ्घसंस्था तथा व्यक्तिहरूसँग सहकार्य गरी शिक्षा कार्यक्रमहरूको प्रभावकारिता वृद्धि गरिनेछ । |

| | |
|---|---|
| | ६.नगरवासी उत्कृष्ट स्नातक र स्नातकोत्तर युवा तथा विद्यावारिधि गरेका जनशक्तिलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। त्यस्ता युवाहरूलाई उपयुक्त विषय शिक्षण र अन्य पेसामा संलग्न हुने अवसर जुटाइनेछ।<br>७.स्वदेशी, विदेशी शिक्षालयहरू तथा संस्थाहरूसँग सहकार्य गरी विद्यार्थी तथा शिक्षक आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>८. उच्च शिक्षा सञ्चालन भएका क्याम्पसहरुको संस्थागत क्षमता विकास तथा जनशक्ति व्यवस्थापनका लागि अनुदान सहायता उपलव्ध गराईने छ। |
| ८. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ सुनिश्चित गरिने, | १.निरक्षरता न्यूनीकरण गर्न निरक्षर प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरी सामुदायिक सिकाइ केन्द्र मार्फत सेवा सञ्चालन गरिनेछ। |
| ९. शैक्षिक सुशासन, पारदर्शीता र सेवा प्रवाहमा सुधार ल्याउने, | १.कानून बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ।<br>२.वार्षिक कार्यक्रम र बजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आबद्ध गरिनेछ।<br>३.विद्यालयको वृहत् विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत साधन र समुदाय सम्बन्धसँग आबद्ध गरी कार्यान्वयन योग्य तुल्याइनेछ।<br>४.आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्यसम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान, पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ।<br>५.विद्यालयका प्र.अ., वि.व्य.स. र शि.अ.सं. पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ। |
| १०. शैक्षिक व्यवस्थापन सूचना | १.एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) व्यवस्थित |

| | |
|---|---|
| प्रणालीमा सुधार गर्ने , | र सुदृढ गरिनेछ। यसको लागि प्रत्येक वर्ष तालिम दिइनेछ। विद्यालय IEMIS लाई अनुदान निकासासँग आबद्ध गरिनेछ।<br>२.सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्र.अ., शिक्षक र कर्मचारी मध्ये १ जनालाई कम्प्युटर सीप सम्बन्धी तालिम दिइनेछ।<br>३.सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थित गरिनेछ। योजनाको अन्त्य सम्ममा कक्षा ७/८ सञ्चालित सबै आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ।<br>४.सबै माध्यमिक विद्यालयहरूमा व्यवस्थापन प्रणाली र लेखा प्रणाली सम्बन्धी सफ्टवेयर स्थापना गरी सञ्चालन गरिनेछ र क्रमशः आधारभूत विद्यालयहरूमा विस्तार गरिनेछ। |
| ११. विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा व्यवस्थापन गर्ने | १.विपत् जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ।<br>२.सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागु गरिनुका साथै समुदायको संलग्नतालाई परिभाषित र अनुगमन गरिनेछ।<br>३.विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए नभएको अनुगमन निरीक्षण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिनेछ।<br>४. विद्यालयमा विपद् व्यवस्थापन पूर्व अभ्यास तालिम सञ्चालन तथा विद्यालय स्काउट ट्रुप कार्यक्रम सञ्चालन गरिने छ। |

## २.५ अपेक्षित मुख्य उपलब्धि

नगर शिक्षा योजना कार्यान्वयनको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ

- सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित हुनेछ।
- सबै विद्यालयमा बालमैत्री वातावरण स्थापना हुनेछ।

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ ।
- प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक विद्यालयको अनुभव लिई कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशतमा वृद्धि हुनेछ ।
- आधारभूत तह र माध्यमिक तहमा खुद भर्ना दर वृद्धि भएको हुनेछ ।
- सामुदायिक विद्यालयतर्फ हाल आधारभूत तह र माध्यमिक तहमा रहेको शिक्षक विद्यार्थी अनुपातका आधारमा कक्षागत र विषयगत दरबन्दी मिलान गरिनेछ ।
- योजना अवधिमा आधारभूत तह तथा माध्यमिक तहमा कार्यरत शिक्षकलाई पेशागत विकास तालिमको अवसर उपलब्ध भएको हुनेछ ।
- माध्यमिक तहमा दलित, जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई छात्रवृत्ति, आवासीय छात्रवृत्ति, प्रोत्साहन तथा सहयोग प्रदान गरी शिक्षामा पहुँच सुनिश्चितता भएको हुनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि भएको हुनेछ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा बालबालिकाको विषयगत पहुँच हुनेछ ।
- नगर क्षेत्रमा बसोबास गर्ने सबै युवा तथा प्रौढहरू साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइमा सहभागी भई अवसर प्राप्त गरेका हुनेछन् ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइ प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक हुनेछ ।
- विद्यालयलाई सिकाइ थलोको रुपमा विकास गर्न पुस्तकालय, विषयगत प्रयोगशाला , ICT प्रयोगशाला, आवश्यक भवन, खेलमैदान र खेलसामग्रीहरू उपलब्ध भएको हुनेछ ।
- बालबालिकाको सिकाइप्रति विद्यालयहरूमा उत्तरदायी तथा पारदर्शीता प्रणाली विकास हुनेछ ।
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षाका लागि वैकल्पिक माध्यमबाट शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।
- सामुदायिक अध्ययन केन्द्रमार्फत स्वास्थ्य, पोषण, आरोग्य, जीवनकला, प्रजनन स्वास्थ्य तथा जनचेतनामूलक कार्यहरू, अभिभावक शिक्षा तथा शैक्षिक जागरणका कार्यहरू सञ्चालन भएका हुनेछन् ।

- निरन्तर शिक्षाका निम्ति अनौपचारिक शिक्षाका कार्यक्रम मार्फत निरन्तर शिक्षा दिई शिक्षामा पहुँच बढाइनेछ ।
- नगरक्षेत्र भित्र नै उच्च शिक्षाको अवसर सुनिश्चित हुनेछ ।

## परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

यस परिच्छेदमा शिक्षा अन्तर्गतका विभिन्न उपक्षेत्रहरू प्रारम्भिक बालविकास र शिक्षा आधारभूत शिक्षा, माध्यमिक शिक्षा , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम , अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू, उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा सूचकहरू निर्धारण गरिएको छ ।

### ३.१. प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१. परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्ने तथा आधारभूत शिक्षाका लागि तयार हुन सहयोग गर्ने कार्यक्रम हो । सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्छन् । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ ।

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा ३ अनुसार “प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ” भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिएको छ । प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ (राष्ट्रिय योजना आयोग, २०७७) ले जन्मदेखि ८ वर्षको प्रारम्भिक बालविकासको अवधिलाई दुई वर्षसम्म, २-४ वर्ष र ४-८ वर्ष गरी तीन समूहमा बाँडेर तीन किसिमका कार्यक्रमहरू प्रस्ताव गरे अनुसार ४-८ वर्षका विकास तथा सिकाइसम्बन्धी कार्यक्रमलाई शिक्षा क्षेत्रमा समावेश गरेको छ । नेपालमा बालबालिकाहरू पाँच वर्ष उमेरमा कक्षा १ मा भर्ना हुने भएकाले यस प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिले पनि ४ वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गर्नुपर्ने देखाएको छ ।

#### ३.१.२. वर्तमान अवस्था

जिरी नगरपालिकामा हाल २८ ओटा सामुदायिक विद्यालयमा आधारित सङ्घीय अनुदानमा २२ र नगरपालिकाको अनुदानमा ४ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयमा अनुदान प्राप्त २६ वटा कोटामा महिला बालविकास सहजकर्ताहरू कार्यरत छन् । यस नगरपालिकामा

बालविकासमा अध्ययन गर्ने ४४२ जना बालबालिका रहेका छन् । कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको खुद भर्नादर १०५.५ प्रतिशत रहेको छ। सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत बालविकास शिक्षकहरूमध्ये शतप्रतिशत महिला रहेका छन्। नगरपालिकाले बालविकास शिक्षालाई शिक्षाको जगको रुपमा राखी विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी बालविकास शिक्षकहरूको लागि तालिम र कक्षाकोठा व्यवस्थापनका लागि विद्यालयलाई वार्षिक रुपमा सहयता प्रदान गर्दै आइरहेको छ। बालविकास शिक्षकहरूको मनोबल वृद्धि गर्न नगरपालिकाले न्यूनतम् नपुग तलबमा थप गरेको छ। यसले सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण वृद्धि गरेको देखिन्छ। जिरी नगरपालिकामा प्रारम्भिक बालविकास सम्बन्धी नविनतम् सेवाहरूमा विस्तार हुँदै गरेको भएपनि निम्न लिखित चुनौतीहरू रहेका छन् :

- प्रारम्भिक बालविकास लक्षित नीति, रणनीति तथा कार्यक्रमहरूको योगदान रहेको भए तापनि भौगोलिक असमानता, आर्थिक र सामाजिक सम्पन्नताका हिसाबले पछाडि परेका विभिन्न समूहका बालबालिकासम्म गुणस्तरीय सेवाको पहुँच पुऱ्याउनु,
- सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवाहरू एकीकृत रूपमा सुनिश्चित हुनु,
- बालबालिकाले पाउने सेवाहरूमा एकरूपता र गुणस्तरमा अपेक्षित उपलब्धि हासिल हुनु,
- प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री र समावेशी बन्न सक्नु ।

### ३.१.३. प्रारम्भिक बालविकासका उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका लागि योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- चार वर्ष उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु,

### ३.१.४. प्रारम्भिक बालविकासका रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- सबै बालबालिकाको वालविकास र शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास कक्षा सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वोत्तम हितका लागि बालसंरक्षण, बालबचावट, बालसहभागिता र बालविकास गर्ने वातावरण तयार गर्ने,
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि घरपरिवार, शिक्षक, समुदाय र सङ्घसंस्थाहरूलाई जिम्मेवार बनाउने ,
- प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने,
- बालविकास सहजकर्ताहरूको क्षमता विकासका लागि पेशागत क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कक्षा व्यवस्थापन, कक्षा सजावट तथा शैक्षिक सामग्रीहरूको व्यवस्थापन गर्ने,
- लक्षित समुदायका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- नमुना बालबिकास केन्द्र तथा सहजकर्ता छनौट गरी पुरस्कृत गर्ने,

## ३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर १०५.५ प्रतिशत पुगेको हुनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुनेछ ।
- बालविकास शिक्षकहरूले शतप्रतिशत तालिम प्राप्त गरेका हुनेछन् ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएका हुनेछन् ।

### ग) नतिजा तथा परिमाणत्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ४४२ | ४३२ | ४२२ | ४१२ | ४०२ | ३९० |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ | २६ |

### घ) प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्रसँगको सहकार्य | वटा | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | बालबालिकाको | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | अभिलेखीकरण | | | | | | | | | |
| ४ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | जना | सबै विद्यार्थी | | | | | | | |
| ५ | पूर्वाधार, सिकाइक्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ६ | सहयोगी सहजकर्ताहरूको योग्यता र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | निरन्तर | | | | | | | |
| ८ | अभिभावक शिक्षा | जना | २५० | २५० | २५० | २५० | २५० | १२५० | | |
| ९ | परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी | जना | सबै विद्यालयमा पिटिए र अभिभावक शिक्षा मार्फत | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | | | | | | | | | |
| १० | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यस्थापन गर्ने | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ११ | शैक्षिक सामग्री निर्माण, विद्यार्थी अभ्यास पुस्तिका र पाठयोजना प्रयोग सम्बन्धि क्षमता विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | सहयोगी (आया) को व्यवस्था | जना | आवश्यकताको आधारमा | | | | | ४ | | |

## ३.२. आधारभूत शिक्षा

### ३.२.१. परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ।

यस खण्डमा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी पाँच बर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.२. वर्तमान अवस्था

जिरी नगरपालिकाभित्र सामुदायिक तर्फ २२ ओटा आधारभूत विद्यालयहरू रहेका छन्। जिरी नगरपालिकाभित्र आधारभूत तहको कक्षा १-५ मा ११३४ जना र कक्षा ६-८ मा ७४८ जना विद्यार्थी रहेका देखिन्छन् भने संस्थागत विद्यालयको कक्षा १-५ मा ३८७ जना र कक्षा ६-८ मा २४६ जना विद्यार्थी रहेका देखिन्छन्। सामुदायिक विद्यालयतर्फको आधारभूत तहमा लैङ्गिक आधारमा कक्षा १-५ मा छात्राहरूको प्रतिशत ४७.०२ र कक्षा ६-८ मा ४६.३४ प्रतिशत रहेको देखिन्छ। संस्थागत विद्यालयतर्फको कक्षा १-५ मा ४५.४५ प्रतिशत छात्रा र कक्षा ६-८ मा ४६.३१ प्रतिशत छात्राहरू अध्ययरत रहेका छन्। सामुदायिक विद्यालयतर्फ आधारभूत तहको कक्षा १-५ मा कार्यरत जम्मा ९५ जना शिक्षक अर्थात् ३९.१६ प्रतिशत महिला शिक्षकहरू रहेका देखिन्छन्। कक्षा ६-८ मा जम्मा २५ जना शिक्षक ३२ प्रतिशत महिला शिक्षकहरू कार्यरत रहेका छन्। विद्यार्थी अनुपातमा शिक्षकको दरबन्दी बढी रहेको देखिन्छ। पेशागत तालिम प्राप्त कूल शिक्षक शतप्रतिशत भएपनि समय समयमा पुर्नताजगी तालिम प्रदान गर्नुपर्ने देखिन्छ।

आधारभूत शिक्षा अन्तर्गत जिरी नगरपालिकामा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन्:

- नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गराउन,
- सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन,

- विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री बनाउन,
- सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न ।

## ३.२.३. उद्देश्य

आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
- आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
- आधारभूत तहको शैक्षिक वातावरण बालमैत्री, प्रविधिमैत्री, समावेशी, भय रहित र सुरक्षित बनाउनु ।

## ३.२.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछन् :

- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको लगायत अन्य भौतिक सुविधाको नियमितता सुनिश्चित गर्ने,
- विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने,
- प्रारम्भिक बालकक्षा र कक्षा १ का बीचमा थप एक कक्षा सञ्चालन गर्ने,
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,

- कक्षा ५ को अन्तमा नगरस्तरीय स्तरीकृत परीक्षा सञ्चालन गर्ने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराइ सिकाइमा सुधार ल्याउने ,
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ,
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील योजना तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालय शिक्षामा सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।
- विद्यालयमा बालउद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण जस्ता कार्यक्रम समाबेस गर्ने ।

## ३.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ ।

**ख) नतिजाहरू**

- सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँच हुनेछ ।
- सबै विद्यालयलाई न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता हुनेछ ।
- आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुनेछ ।
- आधारभूत विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरी दिवाखाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुनेछ ।
- आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।

- आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुनेछ ।
- आधारभूत विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुनेछ ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **सूचक** | **आधार वर्ष (२०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह ( प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या (%) | 0% | 0% | 0% | 0% | 0% | 0% |
| २ | आधारभूत तह ( प्राथमिक कक्षा ६-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | 0% | 0% | 0% | 0% | 0% | 0% |
| ३ | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | ९५ | | | | | |
| ४ | आधारभूत तह (कक्षा ६-८) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | २५ | | | | | |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | | | | | | |

**ग) प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ४ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ५ | शिक्षक क्षमता विकास / पुर्नताजगी तालिम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | सूचना प्रविधिको प्रयोगका लागि | विद्यालय | सबै सामुदायिक विद्यालयमा निरन्तर | | | | | | | सामुदायिक |

| क्र.सं | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | | | | | | | | | |
| ७ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | विद्यालय | सबै सामुदायिक विद्यालयमा (कक्षा (०-१२) | | | | | | | |
| ८ | विद्यार्थीका लागि ड्रेस, स्टेशनरीका लागि छात्रवृत्ति | सङ्ख्या | तोकिए अनुसार | | | | | | | सहयोगी दाताहरूको सहकार्यमा |
| ९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | सबै विद्यालय निरन्तर |
| १० | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | विद्यालय | सबै विद्यालयमा निरन्तर | | | | | | | |
| ११ | प्र.अ., विद्यालय र कर्मचारीहरूको लागि थप प्रोत्साहन | सङख्या | तोकिए अनुसार | | | | | | | |
| १२ | वि.व्य.स, | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| क्र.सं | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकास | | | | | | | | | |
| १३ | अभिभावक शिक्षा कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | सबै सामुदायिक विद्यालयहरू |
| १४ | अतिरिक्त क्रियाकलाप | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १५ | परीक्षा सञ्चालन, मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | स्थानीय पाठ्यक्रम अध्यावधिक र प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

### ३.३. माध्यमिक शिक्षा

#### ३.३.१. परिचय

माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्यमान्यताको ज्ञान, सिप तथा दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ। राष्ट्रिय शिक्षानीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

## ३.३.१. वर्तमान अवस्था

जिरी नगरपालिकाभित्र सामुदायिक तर्फ हाल कक्षा १-१० सञ्चालित ५ र १-१२ सञ्चालित ४ गरी माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या ९ ओटा रहेका छन् भने संस्थागत विद्यालय तर्फ कक्षा १-१० सञ्चालित २ र १-१२ सञ्चालित १ गरी माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या ३ ओटा रहेका छन। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ७९.२ प्रतिशत र कूल भर्नादर ८६.६ प्रतिशत रहेको छ। माध्यमिक तह कक्षाको ११-१२ को खुद भर्ना दर ३१.१ र कूल भर्नादर ५७.१ प्रतिशत रहेको छ। माध्यमिक तह कक्षाको ९-१२ को खुद भर्ना दर ५५.७ प्रतिशत र कूल भर्नादर ७१.८ प्रतिशत रहेको छ। माध्यमिक तह कक्षाको ९-१२ को नयाँ विद्यार्थी भर्ना दर ७.८ प्रतिशत रहेको छ भने कक्षा छोड्ने विद्यार्थीको दर ० रहेको छ। त्यस्तै कक्षा दोहोर्‍याउने विद्यार्थीको दर ० प्रतिशत रहेको छ। विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयमा माध्यमिक तहमा कक्षा ९-१० मा जम्मा ३६२ जना रहेकोमा छात्रा १६६ जना अर्थात ४५.०८ प्रतिशत छात्रा रहेका छन् भने कक्षा ११-१२ मा २३५ जना विद्यार्थी मध्ये ५३.१९ प्रतिशत छात्राहरू रहेका छन्। संस्थागत विद्यालयमा कक्षा ९-१० मा जम्मा १२७ जना रहेकोमा छात्रा ५८ जना अर्थात् ४५.६६ छात्रा रहेका छन् भने कक्षा ११-१२ मा ३७ जना विद्यार्थी मध्ये ४८.६४ प्रतिशत छात्राहरू रहेका छन्। माध्यमिक तहको ९-१० लैङ्गिक समता सूचक ०.८४ रहेको छ। माध्यमिक तहको ९-१२ लैङ्गिक समता सूचक ०.८९ रहेको छ। सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९-१२ मा १६ जना शिक्षक कार्यरत छन् जसमध्ये ६.२५ प्रतिशत महिला शिक्षक रहेका छन्। शिक्षक विद्यार्थीको अनुपातलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९-१२ मा शिक्षक अपुग रहेका छन्। माथिका समग्र अवस्थाको विश्लेषण गर्दा जिरी नगरपालिकामा माध्यमिक शिक्षामा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्न,

- अपाङ्गता भएका, महिला, दलित, पिछडिएका वर्गका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच पुऱ्याउन,
- माध्यमिक तहको विद्यालयमा शिक्षक दरबन्दी थप गर्न,
- सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री तथा प्रविधिमैत्री बनाउन,
- शिक्षकको वृत्ति विकासलाई नतिजामा आधारित बनाइ व्यवस्थित गर्न,
- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन ।

## ३.३.२. उद्देश्यहरू

यस योजनाका माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउने,
- माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउने,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, प्रविधिमैत्री, समावेशी र सुरक्षित बनाउने ,
- विद्यालय शिक्षाका व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्ने र अन्तर सम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

## ३.३.३. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको समायोजन गर्ने,
- विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,

- शिक्षकको पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धति सुधार गर्न सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- प्राविधिक धार र विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न छात्रवृत्तिको व्यवस्था गर्ने,
- सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी शिक्षण सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

## ३.३.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

**ख) नतिजा**

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउदरमा वृद्धि हुनेछ ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेका हुनेछन् ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुनेछ ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ३६२ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २३५ | | | | | |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (MEC) पूरा गरेका माध्यमिक विद्यालयको सङ्ख्या | | | | | | |

**ग) प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिकाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | विद्यालय नक्शाङ्कन तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| क्र.सं. | प्रमुख | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा दरबन्दी मिलान | | | | | | | | | |
| ४ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | शिक्षक क्षमता विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | निरन्तर दाताहरुबाट |
| ९ | आवधिक परीक्षा तथा मूल्याङ्कन | पटक | वार्षिक ३ पटक | | | | | | | |
| १० | शैक्षिक मानव संशाधन र सूचना प्रणाली स्थापना | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ११ | वि.व्य.स, शि.अ.सं.का | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| क्र.सं. | प्रमुख | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पदाधिकारी र विद्यालय कर्मचारीहरूको क्षमता विकास | | | | | | | | | |
| १२ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | विद्यार्थी सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | | |
| १३ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | | |
| १४ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १५ | अतिरिक्त क्रियाकलाप | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १६ | उच्च शिक्षा छात्रवृत्ति | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | | |
| १७ | १ विद्यालय १ उद्यमशिल कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | | |
| १८ | स्काउट / रेडक्रस व्यवस्थापन | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |

| क्र.सं. | प्रमुख | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १९ | विद्यालय हरियाली प्रवर्धन | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | |
| २० | खेलकुद र सङ्गित प्रशिक्षक | सङ्ख्या | ० | २ | निरन्तर | | | |

## ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.४. परिचय

नगरपालिकाले शिक्षित र बेरोजगार जनशक्ति उत्पादन कमी ल्याउनका साथै दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षामा जोड दिन आवश्यक छ। शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ र यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ। शिक्षा प्रणालीलाई संरचना रूपमा बदल्न र शिक्षाबाट जीवनयापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्वलाई आत्मसाथ गर्दै शिक्षासँग सम्बन्धित निकायहरूले योजना र योजनाको प्रभावकारी तवरले कार्यान्वयन गर्नुपर्ने देखिन्छ। प्राविधिक तथा व्यावसायिक सीप विकास गरी प्राविधिक क्षेत्रमा सुनिश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा नगरपालिका समृद्ध बन्ने छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले यसै नगरपालिकामा जिरी प्राविधिक शिक्षालय सञ्चालन गरिरहेकोले नगरपालिकाले समन्वयकारी भूमिका खेल्न आवश्यक छ।

### ३.४.१. वर्तमान अवस्था

नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच पुऱ्याउने उद्देश्यका साथ जिरी प्राविधिक शिक्षालय, मार्फत ज्ञान, सिप र छोटो तथा मध्यम खालका तालिम सञ्चालन गरिरहेको छ। हाल जिरी प्राविधिक शिक्षालयमा डिप्लोमा प्लान्ट साइन्स, एनिमल साइन्स, सिभिल इन्जिनियरिङ, फार्मेसी र पि.सि.एल. मिडवाइफ्री कार्यक्रम सञ्चालनमा रहेका छन्। सो कार्यक्रमहरुबाट यस क्षेत्रका प्रशिक्षार्थीहरुले प्राविधिक शिक्षाको ज्ञान सीप हासिल गरी आत्मनिर्भर, स्वरोजगार भई आर्थिक विपन्नतालाई हटाउन केही हदसम्म सहयोग पुगेको देखिन्छ। प्राविधिक तथा व्यावसायिक शिक्षालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, र सङ्घीय सरकार समेतको उच्च अपनत्व विकास हुन जरूरी छ।

व्यावसायिक तथा प्राविधिक शिक्षामा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्न,
- व्यावसायिक शिक्षाको भौतिक पूर्वाधार लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्न,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्न,
- प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक बजेटको व्यवस्था गर्न,

### ३.४.२. उद्देश्य

यस योजनाले प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,

- प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षा मार्फत, शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु,
- जिरी नगरपालिकामा प्राविधिक र व्यावसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सिर्जना गर्न गर्नु,
- परम्परागत ज्ञान र सीपको सीप परीक्षण मार्फत प्रमाणीकरण र प्रयोगमा जोड दिनु,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

**३.४.३. रणनीतिहरू**

जिरी नगरपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :

- जिरी नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सिर्जना गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी जनजाति, दलित, अपाङ्ता भएका नागरिक एवम् आर्थिकरुपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- परम्परागत ज्ञान सीपको प्रमाणीकरण र परिक्षणको लागि आवश्यक प्रबन्ध मिलाउने,

**३.४.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

- उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ ।

**ख) नतिजा**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले पर्याप्त अवसर प्राप्त गरेको हुनेछ ।
- जिरी प्राविधिक शिक्षालयबाट शिक्षाप्राप्त गरेका विद्यार्थीहरू स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध नगरपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायका सहभागिता अभिवृद्धि हुनेछ ।
- प्राविधिक शिक्षाप्रति सरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानी मैत्री वातावरण निर्माण हुनेछ ।
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिनेछ ।
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन हुनेछ ।
- खोज, नवप्रर्वतन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुनेछ ।
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने शिक्षालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| २. | प्राविधिक शिक्षालयमा भर्ना भएका विद्यार्थी | ३१७ | ३५० | ३७५ | ३९० | ४०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | |

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक वर्ष ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | १० | १० | १० | १० | १० | | | |
| २ | जिरी प्राविधिक शिक्षालयमा भौतिक पूर्वाधार विकास | सङ्ख्या | आवश्यकता अनुसार | | | | | | | |
| ३ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | प्रयोगात्मक अभ्यासका लागि फिल्डको व्यवस्था | विद्यालय | आवश्यकता अनुसार | | | | | | | |
| ५ | खोज तथा नवपर्वतनात्मक कार्यलाई प्रोत्साहन | पटक | निरन्तर | | | | | | | |
| ६ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्धन कार्यक्रम | पटक | निरन्तर | | | | | | | |
| ७ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | पटक | निरन्तर | | | | | | | |
| ८ | OJT तथा इर्न्टनसिपका लागि व्यवस्थापन र अन्य संस्थासँग समन्वय | पटक | निरन्तर | | | | | | | |

## ३.५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१. परिचय

सिकाइ निरन्तर प्रक्रिया हो । यो औपचारिक, अनौपचारिक र अतिरिक्त माध्यमबाट हुने गर्दछ । निरन्तर सिकाइबाट व्यक्तिले आवश्यकताअनुसार व्यक्तिगत, सामाजिक वा रोजगारीसँग सम्बन्धित ज्ञान, सिप तथा सक्षमताको विकास गर्दछ । सिकाइ समय, विधि तथा माध्यमको सीमा नरही व्यक्तिको जीवनभर निरन्तर चल्ने प्रक्रिया भएकाले यसका लागि औपचारिक सिकाइ पद्धतिमात्र पर्याप्त हुँदैन । औपचारिक शिक्षा प्रणालीको संरचनाबाहिर सङ्गठित विभिन्न किसिमका सिकाइ अवसरले आजीवन सिकाइलाई सहयोग गर्दछ भने व्यक्तिले आफ्नो परिवेशबाट प्राप्त अनुभव तथा सूचनाहरूबाट पनि सिकाइ गरिरहेको हुन्छ । यस्तो परिस्थितिलाई सम्बोधन गर्दै नेपाल सरकारले अनौपचारिक शिक्षा नीति २०६३ कार्यान्वयनमा ल्याएको हो । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य-४ ले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्छ ।

नगरपालिकाको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था र चुनौतीहरू पहिचान गरिएको छ । अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.५.२. वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको परिप्रेक्ष्यमा यस जिरी नगरपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाको माध्यमबाट जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पर्ने उद्देश्य निर्धारण गरेको छ ।

यस नगरपालिकामा जम्मा ३ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा आएका छन् ।जसका मुख्य कार्यहरु वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता दिनु रहेको छ । अनौपचारिक शिक्षा र आजीवन सिकाइका चुनौतीहरू निम्नानुसार पहिचान गरिएको छ :

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न,
- मौलिक तथा पुस्तौनी ज्ञान सिपको पहिचान, संरक्षण प्रवर्धन एवम् स्तरीय ढाँचामा रूपान्तरण गर्न,
- गुणस्तरीय जीवनका लागि आजीवन सिकाइ संस्कृतिको अवधारणागत स्पष्टता गर्न,
- सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउन,
- संस्थागत क्षमता विकासका लागि पर्याप्त स्रोतको व्यवस्था गर्न ।

### ३.५.३. उद्देश्य

यस योजनाको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको समग्र उद्देश्य सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नका लागि निम्नलिखित उद्देश्यहरू राखिएको छ :

- नगरभित्रका सबै युवा तथा प्रौढ नागरिकहरूलाई साक्षरता सिप प्रदान गर्नु,
- सबै नागरिकका लागि कार्यमूलक साक्षरता, समावेशी तथा समतामूलक शिक्षा, खुला र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
- सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नु ,
- आजीवन सिकाइ संस्कृतिका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीणकरण गर्नु,

### ३.५.४. रणनीतिहरू

- योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम परिचालन गरी साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,
- सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
- सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

### ३.५.५.उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ ।

**ख) नतिजाहरू**

- सबै नागरिकले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त गरेका हुनेछन् ।
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुनेछ ।
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि)* % | ७२ | ७५ | ७८ | ८० | ८२ | ८३ |
| २. | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ३. | सामुदायिक पुस्तकालयको सङ्ख्या | ३ | ३ | ४ | ४ | ५ | ५ |

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | ओटा | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| ४ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | ओटा | ३ | ३ | ३ | ३ | ३ | ३ | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | निरन्तर | | | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | ओटा | निरन्तर | | | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | सा.सि.के. | निरन्तर | | | |

## परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सहितको योजनाको खाका प्रस्तुत गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षाको आवश्यकता, विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतीहरूमा विशेष जोड दिइएको छ।

### ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१. वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनुपर्छ। विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणाबमोजिम अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ।

पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्चशिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन आवश्यक छ।

जिरी नगरपालिकाले शैक्षिक सत्र २०७६ देखि आधारभूत तह कक्षा १-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेको छ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई

सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित भई स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ। कक्षा ८ को वार्षिक परीक्षा नगरपालिका स्तरमा हुने गरेको छ। कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

**पाठ्यक्रम र मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरू :**

- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गराउन,
- सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्न,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्न,
- प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार अनुरूप मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्न,
- स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउन,
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न,

## ४.१.३. उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
- निरन्तर, आवधिक तथा स्तरीय मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,

## ४.१.४. रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :

- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारबालहरूलाई प्रबोधिकरण गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भसामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने,
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार स्थानीय भाषा र बहुभाषा प्रयोग गर्ने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,
- मूल्याङ्कन प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने,
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने,

## ४.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीय मूल्याङ्कन पद्धतिको कार्यान्वयन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिनेछ ।

**ख) नतिजा**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनवाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिको प्रभावकारी प्रयोग भएको हुनेछ ।
- विद्यार्थीहरूमा ज्ञान, सिप र अभिवृत्तिको विकास भई व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- कक्षा १-३ मा व्यवहार कुशल सिपहरू सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन हुनेछ ।

- कक्षा १-८ सम्म सबै विद्यालयमा सम्बन्धित स्थानीय तहले विकास वा समायोजन गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन हुनेछ ।
- सिकाइ क्रियाकलाप बालमैत्री स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभावकारी हुनेछ ।
- पाठ्यक्रम विकास तथा परिमार्जन सहभागितात्मक हुनेछ ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ३. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ |

**ग) प्रमुख क्रियाकलापको तालिका**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | बर्ष | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम अध्यावधिक | पटक | १ | | १ | | १ | ३ | ३ | |
| २ | स्थानीय पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन | शिक्षक | १ | | १ | | १ | ३ | ३ | |
| ३ | स्थानीय पाठ्यसामाग्री निर्माण तथा अभिमुखीकरण | शिक्षक | १ | | १ | | १ | ३ | ३ | |
| ४ | आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ५ | प्रयोगात्मक तथा परियोजनामा आधारित मूल्याङ्कन सामग्रीको | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | बर्ष | | | | | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रयोग | | | | | | | | | |
| ८ | निःशुल्क पाठ्यपुस्तक | विद्यार्थी | सबै विद्यार्थी प्रत्येक वर्ष | | | | | | | |
| ९ | आधारभूत तहको परीक्षा सञ्चालन व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | सुपरिवेक्षण तथा अनुगमन | विद्यालय | निरन्तर | | | | | | | |

### ४.२. शिक्षक व्यवस्थापन र विकास

## ४.२.१. वर्तमान अवस्था

विद्यार्थीको सिकाइ सुधारमा मुख्य भूमिका शिक्षकको रहन्छ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षककहरूको व्यवस्थापनबाट मात्र गुणस्तर सुनिश्चित गर्न सकिन्छ। शिक्षकमा विद्यमान विषयवस्तुको ज्ञान, शिक्षण सिप र नमुना व्यक्तित्वले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरूरी छ। शिक्षकको पेशागत विकास सम्बन्धी नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दै आएको छ भने शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्।

विद्यमान विषयगत शिक्षक अभाव पूर्तिको लागि यस योजनाले शिक्षक परिचालन, विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि क्षमता विकास र शिक्षक सहायता प्रणालीको विकास, शिक्षकले शिक्षण सिकाइमा बिताउने समयावधि कार्यान्वयन कार्यविधि कार्यान्वयन, असल अभ्यासहरूको प्रचार प्रसार, तहगत पाठ्यक्रम कार्यान्वयनका लागि अनुगमन, उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकलाई प्रोत्साहन, विषयगत शिक्षक (सिकाइ सञ्जाल) समूह परिचालन, कक्षा अवलोकन, छलफल, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य नगरपालिकाले लिएको छ। शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएका छन् :

- शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्न,
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधितथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन,
- शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्न,
- विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
- उपलब्ध शिक्षकहरूको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टता सहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न,

## ४.२.३. उद्देश्य

यस नगरपालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् :

- विषयगत शिक्षक व्यवस्थापन गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
- कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास गर्नु,

## ४.२.४. रणनीतिहरू

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि यस शिक्षा योजनाले निम्न रणनीतिहरू तय गरेको छ :

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
- रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने,
- शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने र यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,

## ४.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ ।
- शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**ख) नतिजा**

- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुनेछ ।
- विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता सुधार हुनेछ ।
- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुनेछ ।
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई नगरपालिकामा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुनेछ ।
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुनेछ ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ | २६ |
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३. | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | | अन्तिम वर्षसम्म १०० प्रतिशत पुऱ्याउने | | | | |
| ४. | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ५० | ६० | ७० | ७५ | ८० | ८५ |
| ५. | शिक्षक पेसागत विकासको लागि सुपरिवेक्षण गर्ने विद्यालय | ० | सबै विद्यालयहरुमा निरन्तर | | | | |

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | बर्ष | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य (५वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक नियुक्ति | | नियमित प्रक्रिया | | | | | | | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | सङ्ख्या | १ | | | | | १ | १ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | सङ्ख्या | आवश्यकता अनुसार | | | | | | | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | सङ्ख्या | १ | | | | | १ | १ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | सङ्ख्या | आवश्यकता अनुसार | | | | | | | |
| ६ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर सबै विद्यालयमा | | | | | | | |
| ७ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार र प्रविधिको प्रयोग | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | विद्यालय | निरन्तर | | | | | | | |
| ९ | शिक्षक क्षमता अभिवृद्धि तालिम | शिक्षकहरू | सबै शिक्षकहरू | | | | | | | |
| १० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | सहपाठी कक्षा अवलोकन | | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | विद्यालयतहमा शिक्षकको पेसागत विकास | | निरन्तर | | | | | | | |
| १४ | कार्यसम्पादन मूल्याङ्कन | विद्यालय | सबै विद्यालय | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | बर्ष | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १५ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | आवश्यकता अनुसार | | | | | | | |

### ४.३. शैक्षिक समता र समावेशीकरण

## ४.३.१. वर्तमान अवस्था

नेपाल सामाजिक सांस्कृतिकरूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। विविधताको सम्मान र समता तथा  समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ ।

नेपाली समाजमा रहेका विविधताहरूलाई सम्मान गर्दै बालबालिकाका विशेष क्षमतालाई प्रवर्धन, पहुँचमा विस्तार, सहभागिताको सुनिश्चितता, पहिचानमा विस्तार, समताको दरमा अभिवृद्धिका साथै प्रत्येक बालबालिकाले आफूलाई स्वीकारिएको र महत्व दिएको महसुस गर्न सक्नुपर्छ यस्ता मान्यताका आधारमा दलित तथा सीमान्तकृत र अल्पसङ्ख्यक तथा सांस्कृतिक समुदायहरूले ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक, लैङ्गिक, अपाङ्गता र व्यक्तिगत तवरले शैक्षिक पहुँच, अर्थपूर्ण सहभागिता र विशेषत बालबालिकाहरूमा शिक्षाको पहुँचमा शैक्षिक समता र समावेशीकरण सम्बन्धित चुनौतीहरूको पहिचान गरिएको छ ।

यस नगरपालिकाभित्र विभिन्न जातिको बसोबास छ। फरक वर्ग, जाति, भाषिक, धार्मिक तथा सांस्कृतिक, परिवेशका समुदायको बसोबास रहेको यस पालिकाका सबै बालबालिकाहरूमा शिक्षाको समान पहुँच हुनु जरुरी छ। यसका लागि यस नगरपालिकाले विविधताको सम्मान र समता तथा समावेशिता सुनिश्चित गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुलभ बनाउनका लागि कार्य गरिरहेको छ ।

यस नगरपालिकामा बालविकासदेखि माध्यमिक तहसम्मको उमेर समूहका केहि बालबालिकाहरू बिचैमा विद्यालय छाड्ने दर न्युन रहेको छ । नगरपालिको शिक्षा लिएको लक्ष्य हासिल गर्न विद्यार्थीको तहगत टिकाउ दरमा सुधार गर्न आवश्यक देखिन्छ। उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्न,
- विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्न,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउन,

- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य-मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्न,
- जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न र विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउन ।

## ४.३.३. उद्देश्यहरू

यस शिक्षा योजनाले शैक्षिक समता र समावेशीकरण सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

- सिमान्तकृत तथा लोपोन्मुख समुदाय, सामाजिक तथा आर्थिक कारणले समस्यामा परेका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
- विद्यालयमा कुनैपनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

## ४.३.४. रणनीतिहरू

शैक्षिक समता र समावेशीकरण सम्बन्धी उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- नगरपालिकाभित्र बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने ,
- अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयमा पठनपाठनका लागि पहल गर्ने,
- छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिकरुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने,
- कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,
- विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने,
- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने,

- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने,
- औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने,

## ४.३.५. उपलब्धि, प्रमुख कियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।

**ख) नतिजा**

- विद्यालयमा कुनैपनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता भई बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना हुनेछ ।
- शारीरिक रूपमा कमजोर र सामाजिक रुपमा पछाडि परेका बालबालिकाहरूको सिक्न पाउने अधिकारको पहुँच सुनिश्चित भएको हुनेछ ।
- लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही बन्नेछ ।
- औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९५ | ०.९६ | ०.९६ | ०.९७ | ०.९७ | ०.९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.८७ | ०.८८ | ०.८८ | ०.८९ | ०.८८ | ०.८९ |

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | लक्षित समूहका बालबालिकाको पहिचान तथा परीक्षण गरी विशेष अवस्थाको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | बालबालिका | आवश्यकता अनुसार | | | | | | | |
| २ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | कार्यक्रम | आवश्यकता अनुसार | | | | | | | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य शिक्षा सुनिश्चितता भएको सार्वजानिक घोषणा | पटक | घोषणा भईसकेको | | | | | | | |
| ४ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, | विद्यालय | आवश्यकता अनुसार | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| | कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्ब | | | | |
| ५ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास | पटक | आवश्यकता अनुसार | | |
| ६ | विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | विद्यालय | सबै विद्यालय निरन्तर | | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू बीच जवाफदेहितासहितको कार्यगत समन्वय | संस्था | आवश्यकता अनुसार | | |
| ८ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण | पटक | विद्यार्थी सङ्ख्या अनुसार | | |

## ४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१. वर्तमान व्यवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and Hygiene Practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहज रूपमा उपलब्ध हुनुपर्छ। खासगरी ९/१० वर्षको उमेरदेखि बालबालिकाहरुको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन, नियमित अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ।

नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवं नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ।

"स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले आ. व. २०७७/२०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरेको छ। साथै यस नगरपालिकाले गैर सरकारी संस्था र अभिभावक समेतको लागत साझेदारीमा कक्षा १० सम्मका सबै बालबालिकाहरुलाई दिवाखाजाको व्यवस्था गरेको छ।

यसै अनुरुप यस नगरपालिकामा सामुदायिक विद्यालयका बालविकास शिक्षामा ४४२ र आधारभूत तहमा कक्षा १ देखि ५ सम्मका ११३४ बालबालिकाले दिवा खाजा खाइरहेका छन्। त्यसै गरी यस नगरपालिकाले कक्षा ६ देखि १० सम्मका ७२६ विद्यार्थीको दिवा खाजाका लागि रु. १०००००० विद्यालयलाई अनुदान छुट्याइएको छ।

नगरपालिकाको ४ वटा सामुदायिक माध्यमिक विद्यालयमा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट स्टाफ नर्सको व्यवस्था गरिएको छ । स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका यस नगरपालिकामा रहेका विद्यालयहरूले खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्या अनुसार अलगअलग सफा र सुरक्षित स्थानमा

बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाइ, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ सहितका भान्सा र खाजा घर, सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरू गर्न प्रयास गरिदै आइरहेको छ ।

विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि केही कार्यहरू भएका छन्, जस्तैः छात्र र छात्रालाई अलगअलग शौचालय, निःशुल्क सेनिटरी प्याड वितरण तरपनि कतिपय विद्यालयमा अझैपनि सुरक्षित सहज चेन्ज कोठा र स्थानको अभाव, पानी र सरसफाइ प्रबन्धको कमजोरी तथा प्रयोग भएका सामग्रीको व्यस्थापनमा समस्या देखिएको छ भने अधिकांश विद्यालयमा महिनावारी स्वच्छतासम्बन्धी शिक्षा तथा परामर्शको व्यवस्था रहेको छैन । धेरैजसो विद्यालयमा भान्सा तथा खाजाघर कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । बालबालिकाका लागि सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक छ । दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समीक्षाका आधारमा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगो र पर्याप्त सङ्गठनात्मक संरचना विकास गरी यससम्बन्धी कार्यलाई व्यवस्थित गर्न,
- सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न,
- दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्न,
- विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न,
- दिवा खाजाका लागि मेनु विकास लगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्न,
- विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न,
- विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानूनी प्रबन्ध गर्न,
- विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन,
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

## ४.४.३. उद्देश्य

यस योजनाले विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

- विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाजा प्राप्तिको सुनिश्चितता गर्नु,
- अभिभावकहरू स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
- विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि यस सम्बन्धी शासकीय प्रबन्ध तथा उत्तरदायित्व सुदृढ गर्नु ।

## ४.४.४. रणनीतिहरू

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा गरिनेछन् :

- तोकिएको मापदण्ड बमोजिमको आवश्यक पोषण तत्व पूरा गराउन कृषि, स्वास्थ्य तथा पोषण विज्ञहरुसंग सहयोग तथा समन्वय गर्ने,
- नगरपालिका भित्रका सबै विद्यालयहरुमा एकरुपता कायम गर्न साप्ताहिक दिवा खाजा मेनु तयार गरी कार्यान्वयन गर्ने,
- पोषणयुक्त र स्वस्थकर खाजाको व्यवस्थाका लागि स्थानीय तहमा उपलब्ध अर्गानिक खाद्य टोकरी निर्माण गर्न प्रोत्साहन गर्ने,
- विद्यालयमा दिवा खाजा तयारी र व्यवस्थापनका लागि अभिभावक (आमा) समूह, सहयोगी तथा भान्छेहरुको प्रयोग र परिचालन गर्ने,
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण विकास गर्ने,
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने,
- आधारभूत स्वास्थ्य सेवा तथा सामग्री प्रदान गर्न विद्यालय नर्स तथा विद्यालय स्वास्थ्य कार्यक्रम क्रमशः सबै विद्यालयमा लागु गर्ने,

## ४.४.५. उपलब्धि, नतिजा, प्रमुख कियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधार हुनेछ ।
- सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा बालबालिकाहरुको पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**ख) नतिजाहरू**

- विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अध्यावधिक तथा परिमार्जन भई दिवा खाजासहित विद्यालय स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी स्पष्ट भूमिका तथा जिम्मेवारी निर्धारण तथा कार्यान्वन हुनेछ ।
- दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।
- प्रारम्भिक बालविकासदेखि माध्यमिक तह (कक्षा १०) सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा विद्यालयबाट प्राप्त हुनेछ ।
- एक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था हुनेछ ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीहरु, छात्र र छात्राका लागि अलग–अलग शौचालय, किशोरीहरूका लागि स्यानीटरी प्याड, प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच भिटामिन ए र जुकाको औषधि प्रभावकारी तवरले उपलव्ध हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १००% | १००% | १००% | १००% | १००% |
| २. | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-१० | १-१० | १-१२ | १-१२ | १-१२ |
| ३. | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ४ | ६ | १० | १५ | २८ |
| ४. | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ |
| ५. | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ४ | ५ | ६ | ६ | ६ |

### ग. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | तालिम/प्रचार-प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | दिवा खाजाको तयारी र व्यवस्थापनमा खटिने आमा समूह तथा भान्सेहरुका लागि तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | कार्यक्रमको प्रभावकारिता, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटीहरूको अध्ययन | | | | | | | | | |
| ५ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, प्रयोग भईसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको व्यवस्था | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ६ | किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि सेनिटरी प्याडको व्यवस्था | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ७ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | निरन्तर |
| ८ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ४.५. विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम रूपमा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाको शिक्षालाई यस योजनाले लिएको छ । यस अन्तरसम्बन्धित क्षेत्रको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने र आपतकाल पश्चात क्षतिको आपूरण गर्ने कार्य ढाँचा समावेश गरिनेछ। साथै जिरी नगरपालिकाले पनि आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा सम्बन्धित विषयहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरेको छ। प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाअनुसार पूर्वानुमान गरी समय, स्वरूप र मात्राको एकिन अनुमान गर्दै प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न सक्ने शिक्षा र योजना सन्दर्भमा यस नगरले निम्नानुसारका चुनौती रहेका छन् :

- आपतकालीन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्न,
- अनुमान गर्न नसकिने घटनालाई योजनामा समेट्न र स्रोतको व्यवस्थापन गर्न ।

### ४.५.२. उद्देश्यहरू

सामान्यत: विपत्को अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासलाई अवरूद्ध हुन नदिनु हो भने विशिष्ट रूपमा यस्तो शिक्षाका निम्नानुसारका उद्देश्य रहेका छन् :

- सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमवाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु,

- सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु,
- सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु,
- अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापन केन्द्र स्थापना गर्नु,

### ४.५.३. रणनीतिहरू

- विपत्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- प्राकृतिक प्रकोप तथा महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारका लागि आवश्यक भौतिक तथा मानवीय पूर्वाधार तयार गर्ने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्न सम्बन्धित विज्ञ तथा सङ्घसंस्थासँग समन्वय र सहकार्य गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि विपत् व्यवस्थापनमा आवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपत् तथा प्रकोप, शान्तिसुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- उत्थानशील समाजको निर्माणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका स्थानीयकरणको संयन्त्र निर्माण गर्ने,

### ४.५.४. उपलब्धि, नतिजा, प्रमुख कियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**ख) नतिजा**

- विद्यालय तथा समग्र शिक्षाप्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुनेछ ।
- आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुनेछ ।
- महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह र सिकाइको निरन्तरता हुनेछ ।

**(ग) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | बालबालिकालाई आधारभूत जीवन - सिपसहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ६ | ९ | ९ | ९ | ९ |
| २. | जलवायु परिवर्तन तथा दिगो विकासका कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | १० | १५ | २० | २५ | २८ |

**घ) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा | पटक | १ | | १ | | | २ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | | | | |
| २ | विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपत् पुर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | सङ्कटापन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | पटक | १ | | १ | | १ | ३ | ३ | |
| ५ | बृहत विपद जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | पटक | १ | | १ | | १ | ३ | ३ | |

## ४.६. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. वर्तमान अवस्था

नेपालका शिक्षा सम्बन्धी ऐन तथा नियम अनुसार बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि व्यवस्थित कक्षाकोठा, खेल्नका लागि खेल मैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता पूर्वाधार विद्यालयका आधारभूत संरचना बालमैत्री हुनु पर्ने प्रावधान रहेको छ । नगरपालिका भित्र सञ्चालित विद्यालयहरुको न्यूनतम भौतिक पूर्वाधारहरु पुरा भएको छ । यद्यपी नगरपालिकाका विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धी निम्नलिखित चुनौतीहरू रहेका छन् :

- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरू योजना निमार्ण गर्न,
- समयसापेक्ष आवश्यक स्रोतसाधनको पूर्ति गर्न,
- पूर्वाधारहरूलाई अपाङ्गता र लैङ्गिकमैत्री बनाउन,

### ४.६.२ उद्देश्य

यस योजनाको विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्ने,
- विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने,
- गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेहि प्रणालीको विकास गर्ने,

### ४.६.३ रणनीतिहरू

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनः परिभाषित गरिनेछ ।
- विद्यालय पूर्वाधार विकासका लागि सङ्घ प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन प्रारूप विकास गरिनेछ ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सङ्घसंस्था एवम् निकायहरूसँग लागत साझेदारी गरिनेछ ।
- विद्यालयमा संरचनाहरु निर्माण गर्दा आवश्यकता अनुसार थप संरचनाको योजना ल्याइनेछ ।

- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

## ४.६.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुनेछ ।

**ख) नतिजा**

- विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुनेछ ।
- पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुनेछ ।
- पूर्वाधार विकासका लागि आवश्यक विधि मापदण्ड र स्तरीकरणका सूचक तयार हुनेछ ।
- विद्यालयहरूमा बनेका संरचनाको निर्माण, सम्वर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुनेछन् ।

**(ग) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | आवश्यकता अनुसार | | | | | |
| २. | लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय निर्माण | आवश्यकता अनुसार | | | | | |
| ३. | विद्यालय भवन तथा घेराबार मर्मत | ० | ५ | ७ | १० | १५ | १५ |
| ४. | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | आवश्यकता अनुसार | | | | | |

**घ) क्रियापलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य (५ वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | | १ | | १ | १ | ३ | | |
| २ | विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय | ५ | ७ | १० | १५ | १५ | ५२ | | |
| ३ | अपाङ्गतामैत्री संरचना निर्माण | विद्यालय | | १ | | १ | १ | ३ | | |
| ४ | खेलमैदान | विद्यालय | | १ | १ | १ | १ | ४ | | |
| ५ | घेराबार तथा कम्पाउण्ड | विद्यालय | | २ | २ | २ | २ | ८ | | |
| ६ | पुस्तकालय सुदृढीकरण | विद्यालय | | १ | १ | १ | १ | ४ | | |
| ७ | कम्प्यूटर तथा डिजिटल व्यवस्थापन सुदृढिकरण | विद्यालय | | २ | २ | २ | २ | ८ | | |

### ४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

## ४.७.१. वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाउने नगरपालिकाको योजना अनुरुप जिरी नगरपालिकाले सूचना र प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलाप र व्यवस्थापकीय कार्यको अभिन्न माध्यमका रूपमा प्रयोग र विकास गर्दै अगाडि बढिरहेको छ । यस नगरपालिकाका सबै माध्यमिक विद्यालयमा इन्टरनेट सहितको ICT प्रयोगशाला सञ्चालित छन् ।

एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइए तापनि धेरैजसो विद्यालयमा कम्प्युटरलागयत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको प्रभावकारी पहुँच र प्रयोग नहुनाले यसलाई पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन । त्यसैगरी विद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्चशिक्षाका अलगअलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरूबिच सम्बन्ध स्थापित गर्न कठिनाइ भएको छ । डिजिटल सामग्री निर्माण केही मात्रामा भएपनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् । उल्लिखित समीक्षाका आधारका नगर शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि र इन्टरनेट कनेक्टिभिटीको प्रभावकारी विस्तार तथा व्यवस्था गराउन,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गराउन,
- सबै विद्यार्थीलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न,

## ४.७.३. उद्देश्यहरू

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु,

- सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो र सस्तो बनाउनु,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु,

## ४.७.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछन् :

- सूचना प्रविधिमा आधारित शिक्षाका लागि पर्याप्त पूर्वाधार सुनिश्चित गर्न सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तारका लागि इन्टरनेटको सुविधा उपलब्ध भएको सुनिश्चित गर्ने,
- सहज शिक्षणसिकाइ वातावरण निर्माण गर्न विभिन्न कक्षा र विषयका लागि तयार गरिएका डिजिटल सामग्रीको प्रयोगमा जोड दिने,
- स्रोत सामग्रीहरूमा विद्यार्थीको पहुँच विस्तार गर्न प्रत्येक विद्यालयमा डिजिटल लाइब्रेरी निर्माण गर्ने,
- प्रविधिमैत्री, प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र समयसापेक्ष शिक्षणसिकाइका लागि शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गर्ने,
- प्रविधिमैत्री शिक्षणसिकाइका लागि विद्यार्थीमुखी डिजिटल अभिमुखीकरण कार्यक्रमहरू आयोजना गर्ने,
- सूचना तथा प्रविधिको प्रयोगलाई निर्वाध तथा प्रभावकारी बनाउन प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा दक्ष जनशक्तिको तयार गर्ने,
- शिक्षकको शिक्षण क्षमता अभिवृद्धि गर्न शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- विद्यालयको व्यवस्थापनलाई चुस्त र पारदर्शी बनाउन IEMIS को प्रभावकारी प्रयोगका साथै कार्यप्रणालीमा डिजिटल माध्यमको प्रयोगसम्बन्धी विद्यालयहरूका लागि अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने,

## ४.७.५. नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- भर्चुअल माध्यमबाट स्रोत सामग्री खोज्न, तयार गर्न र प्रयोग गर्न शिक्षक र विद्यार्थी सक्षम भएका हुनेछन् ।

**ख) नतिजा**

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डिजिटल लाइब्रेरी स्थापना र सञ्चालन हुनेछ ।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्नेछ ।
- विभिन्न कक्षा र विषयका लागि डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच हुनेछ ।
- सबै विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुग्नेछ ।
- सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछन् ।
- प्रविधिमैत्री पाठ्यक्रम तथा पाठ्यसामाग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २. | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ३. | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | डिजिटल पुस्तकालय सहितको ICT प्रयोगशाला | ओटा | ६ | ६ | ७ | ७ | ७ | | | |
| ३ | शिक्षकहरूको क्षमता विकास | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | २४ | | |
| ४ | विद्यालय वेभ पोर्टल निर्माण | विद्यालय | ० | २ | २ | २ | २ | ८ | | |
| ५ | दक्ष प्राविधिक जनशक्तिको व्यवस्थाका लागि अनुदान | विद्यालय | ० | १ | १ | १ | १ | १ | | |
| ६ | कक्षा कोठामा ICT को प्रयोग | विद्यालय | ६ | | | | | ६ | | |
| ७ | विद्यार्थीका लागि डिजिटल साक्षरता कार्यक्रम | विद्यालय | ६ | | | | | ६ | | |
| ८ | IEMIS व्यवस्थापन | विद्यालय | सबै विद्यालय | | | | | | | |

# परिच्छेद ५ : अन्य उपक्षेत्र

## ५.१. अभिभावक शिक्षा

### ५.१.१. परिचय

बालबालिकाहरूको शिक्षणसिकाइमा अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ। अभिभावक शिक्षामा चासो नदिएका विद्यालय र स्थानीय सरकारले अपेक्षित प्रगति गरेका छैनन्। त्यसैले हरेक विद्यालय र स्थानीय सरकारले अभिभावक शिक्षामा आवश्यक चासो र लगानी बढाएर उनीहरूलाई बालबालिकाहरूको सिकाइप्रति अझ जिम्मेवार बनाएर काम गर्नु अहिलेको आवश्यकता हो ।

बालबालिकाहरूको सिकाइमा अभिभावकको महत्वलाई आत्मसात गरेर नै जिरी नगरपालिकाले अभिभावक शिक्षामा चासो बढाएको छ। अभिभावक शिक्षाले नै शिक्षाको विकासमा अभिभावकको सक्रिय सहभागिता बढाउने भएकाले यसमा आवश्यक मात्रामा ध्यान बढाउनु आवश्यक छ।

अभिभावक शिक्षाका लागि नीति निर्माण गर्ने र अभिभावक शिक्षाका कार्यक्रमहरू आवश्यक मात्रामा सञ्चालन गर्ने काममा अहिलेसम्म आवश्यक मात्रामा चासो नदिएका कारणले पनि अहिले विद्यालय शिक्षाका क्षेत्रमा अपेक्षित प्रगति हुन नसकेको तथ्यलाई आत्मसात गरेर नै यस अवधारणालाई अगाडि सारिएको हो ।

### ५.१.२. वर्तमान अवस्था

अहिलेसम्म केही विद्यालयहरूले अभिभावक शिक्षालाई आवश्यक महत्व दिएर विद्यालयका विविध पक्षमा सुधार भइरहेको पनि पाइएको छ। विद्यालयमा भएका सुधारले बालबालिकाको सिकाइका क्षेत्रमा अपेक्षित प्रगति भएको छ। बालबालिकाहरूको सिकाइ वातावरण निर्माण र विद्यालयका विविध पक्षमा सुधारका लागि अभिभावकको सङ्लग्नता जति हुनुपर्ने हो त्यति भने भएको पाइदैन। यसो हुनुमा अभिभावक शिक्षाको कमी भएर पनि हो। अभिभावक शिक्षाका क्षेत्रमा सम्बन्धित पक्षले आवश्यक मात्रामा ध्यान दिएर काम नगरेका कारणले पनि बालबालिकाहरूको सिकाइ सहज नभएको भन्ने यथार्थता स्पस्ट छ।

अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा गैरसरकारी निकायहरूसँगको सहकार्यमा सञ्चालन गरिएका र विद्यालयमा भईरहेका प्रयासहरूमा गति बढाउन साथै विद्यालयीय शिक्षामा अभिभावकहरूको सहभागिता अझ सशक्त बनाउनका लागि नगरपालिकाले अभिभावक शिक्षामा विशेष चासो देखाएको हो ।

## ५.१.३. उद्देश्यहरू

यस शिक्षा योजनाले अभिभावक सचेतना कार्यक्रम सञ्चालन सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

- अभिभावकहरूको अभिलेखलाई अझ व्यवस्थित गरी उपयोग गर्नु,
- विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका विषयक्षेत्रहरूको पहिचान गरी अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रारुपको विकास र उपयोग गर्नु,
- अभिभावक सचेतना र अभिभावक शिक्षाका माध्यमबाट विद्यालयीय शिक्षाका विविध पक्ष र बालबालिकाहरूको सिकाइमा अपेक्षित सुधारको सुनिश्चितताका लागि सहयोग गर्नु,
- अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी गैरसरकारी निकायहरूसँग आपसी समन्वय, सहकार्य र साझेदारीको विकास गर्नु,

### ५.१.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :

- अभिभावकको अभिलेखमा एकरुपता कायम गर्नका लागि यसको ढाँचा विकास गरी सबै विद्यालयहरूमा पुऱ्याउनु,
- अभिभावक नभएका बालबालिकाहरूका लागि अभिभावकत्व बहन गर्ने जिम्मेवार व्यक्तिको व्यवस्थापनमा सहजीकरण गर्ने,
- पहिचान गरिएका क्षेत्रका आधारमा अभिभावक सचेतना र शिक्षाका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा प्रारुपको विकास गर्ने
- अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा असल अभ्यास गरेका विद्यालयहरूको पहिचान गरी त्यस्ता अभ्यासहरू आदानप्रदान गर्ने व्यवस्था मिलाउने,
- विद्यालयको वार्षिक कार्ययोजना र विद्यालय सुधार योजनामा अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरू राखेर कार्यक्रम सञ्चालनको प्रबन्ध गर्ने,
- पालिकागत रुपमा विकास गरिएको अनुगमन र सुपरिवेक्षण संयन्त्रलाई अभिभावक सचेतना र अभिभावक शिक्षाका बारेमा पनि जिम्मेवार बनाउने,
- विद्यालयका विविध पक्षको सुधार र बालबालिकाहरूको सिकाइ सुधारका लागि अभिभावकलाई अझ जिम्मेवार बनाउने,
- पहिचान गरिएका सरकारी, गैरसरकारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय र सामुदायिक संस्थाहरूसँग बसेर अभिभावक शिक्षाका क्षेत्रमा आपसी सहकार्य र साझेदारीमा गर्न सकिने कार्यक्रमहरू गर्ने,

### ५.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- सबै विद्यालयमा अभिभावकको अभिलेख अद्यावधिक गरी अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरू नियमित रुपमा सञ्चालन भएको हुनेछन् ।
- विद्यालयका समस्याहरूको समाधान र बालबालिकाहरूको सिकाइ सुधारका लागि अभिभावकहरूको सक्रिय सहभागितामा वृद्धि भएको हुनेछ ।
- सरकारी, गैरसरकारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय र सामुदायिक संस्थाहरूसँग अभिभावक शिक्षाका क्षेत्रमा आपसी समन्वय, सहकार्य र साझेदारीमा वृद्धि भएको हुनेछ ।

**ख) नतिजाहरू**

- विद्यालयीय शिक्षा र बालबालिकाहरूको सिकाइप्रति सचेत र जिम्मेवार अभिभावकको सङ्ख्या र योगदानमा वृद्धि हुनेछ ।
- सबै अभिभावकबाट विद्यालयका समस्याहरूको समाधान र बालबालिकाहरूको सिकाइ सुधारका लागि सहयोग प्राप्त हुनुका साथै विद्यालयप्रति अभिभावकमा अपनत्वको भावना बढेको हुनेछ ।
- अभिभावक सचेतना र अभिभावक शिक्षा क्षेत्रमा र समग्र विद्यालयीय शिक्षाका क्षेत्रमा सरकारी, गैरसरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय र सामुदायिक संस्थाहरूसँग आपसी समन्वय, सहकार्य र साझेदारी वृद्धि हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | अभिभावक सचेतना तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ० | १० | १२ | १४ | २० | २८ |
| २. | माध्यमिक अभिभावक सचेतना तालिममा सहभागी भएका अभिभावकको सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ |

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक वर्ष ( ५ वर्ष) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य (५वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरोकारवालाहरूको सहभागितामा अभिभावक सचेतना र अभिभावक शिक्षाका विषयवस्तुहरूको पहिचान र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रारुपको विकास र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३. | अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षक तयारी | जना | | २ | | ५ | | ७ | | |
| ४. | अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५. | विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरूको सञ्चालन | समूह | १ | १ | १ | १ | १ | ५ | | |
| ६. | सिकाइका दृष्टिले कमजोर मानिएका बालबालिकाहरूका अभिभावकका लागि अभिभावक सहयोग कार्यक्रम सञ्चालन | समूह | ५ | १० | १२ | १५ | २० | ६३ | | |
| ७. | अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी गैरसरकारी र सामुदायिक संस्थाहरूसंग सहकार्य | संस्था | ३ | ४ | ५ | ५ | ५ | २२ | | |

## परिच्छेद ६ - सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्वपूर्ण सार्वजनिक सेबालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्वपूर्ण रहन्छ। विद्यालय शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षासम्बन्धी यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ।

### ६.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१. परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गरी शैक्षिक सेबालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सँगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ।

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरी आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

#### ६.१.२. वर्तमान अवस्था

नगरपालिकामा शिक्षाक्षेत्रको सुशासन र व्यवस्थापनका लागि शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ। शाखाका कार्य जिम्मेवारीहरु सरोकारवालाहरुले जानकारी पाउने गरी सार्वजनिक गरिएको छ। शाखाले विद्यालयले चाहेका क्षेत्रहरुमा आवश्यक सहजीकरण गरिरहेको छ। विद्यालय सञ्चालन व्यवस्थापनमा सुशासन कायम गर्नका लागि नगरपालिकाले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, समन्वय र सहजीकरण

गर्ने, सुपरीवेक्षण तथा अनुगमन गर्ने र आपसी अन्तरक्रिया गरिरहेको छ। पूर्ण साक्षर घोषणा भएको यस नगरपालिकाको सेवाक्षेत्रका सबै बालबालिकाहरु विद्यालयमा भर्ना हुने वातावरणका लागि विद्यालयहरुले शैक्षिक सत्रको सुरुमा भर्ना अभियानका लागि विविध क्रियाकलापहरु सञ्चालन गर्ने गरेका छन्। यस संग क्रियाकलाप गर्नका लागि निम्न चुनौतीहरू रहेका छन् :

- विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिलाई मध्यनजर गर्दै शैक्षिक अनुसन्धान, नतिजालाई सम्बोधन गर्ने सक्ने किसिमको संरचना र जनशक्तिको व्यवस्था गर्न,
- कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रतिको जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्न,
- विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गराउन ।

## ६.१.३. उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्धन गर्नु रहेको छ। यस योजनामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

- स्थानीय तह र विद्यालयलाई आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापन गर्नु,
- मानवीय संशाधनको क्षमता अभिवृद्धि गरी जवाफदेही बनाउनु,
- विद्यालय शिक्षामा संलग्न जनशक्तिको उत्प्रेरणाका लागि वातावरण निर्माण गर्नु,
- बालबालिकाहरुले जीवन उपयोगी सिपसहितको स्तरीय शिक्षा पाउने वातावरण निर्माण गर्नु ।

## ६.१.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछन् :

- संस्थागत संरचनाअनुसार जनशक्ति आवश्यकताको पहिचान गरी व्यवस्थापन गर्ने,
- कार्यरत जनशक्तिको विशेष दक्षता र रुचिका क्षेत्रहरु पहिचान गरी  विशेष दक्षता र रुचिका क्षेत्रका आधारमा जिम्मेवारी प्रदान गर्ने,
- शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरी पेशागत विकासमा सहयोग गर्ने,

- कार्यसम्पादनका आधारमा प्रोत्साहन गरी प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई थप जिम्मेवार बनाउने,
- विद्यालय शिक्षामा सुशासन प्रवर्धनका लागि पारदर्शिता र मितव्ययिता कायम गर्न प्रभावकारी तरिकाले आवश्यक पर्ने स्रोतसाधनको पहिचान, सङ्कलन र परिचालन गर्ने,
- उपलब्ध स्रोतसाधनको सदुपयोग भएको अवस्थाको सुनिश्चितता गर्नका लागि निर्णय प्रक्रियामा सरोकारवालाहरुलाई सहभागी गराउने,
- पारदर्शिता सुनिश्चित गर्नका लागि सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने,
- सुशासन कायम गर्न नागरिक बडापत्र, सूचना प्रविधिको प्रयोग तथा सूचना अधिकारीको व्यवस्था गर्ने,
- शैक्षिक सुशासन कायम गर्न स्थानीय तह, विद्यालय र सरोकारवालाहरुसँग अन्तरक्रिया सञ्चालन गर्ने,

## ६.१.५. उपलब्धि, नतिजा, प्रमुख कियाकलाप

**क) उपलब्धि**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।
- उत्तरदायित्व, जिम्मेवारी र सदाचारितामा वृद्धि भई संस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ ।
- विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरुले जीवन उपयोग सिपसहितको स्तरीय शिक्षा पाएको अवस्था हुनेछ ।

**ख) नतिजाहरू**

- विद्यालयीय शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएर उनीहरुको सिकाइ अवस्थामा सुधार आएको हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा नेतृत्व तथा | | ९ | ९ | ९ | ९ | ९ |

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | | | | | |
| २. | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | १५ | १५ | १५ | १५ | १५ |
| ३. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| ४. | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| ५. | प्रचलित कानूनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | २ | २ | २ | | | ६ |

**ग) प्रमुख कियाकलाप र लक्ष्य**

**संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शाखामा थप गर्नुपर्ने जनशक्तिको पहिचान गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | | |
| २ | विद्यालयमा थप गर्नुपर्ने जनशक्तिको पहिचान र कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | जनशक्तिको विज्ञता, अनुभव र रुचिका आधारमा जिम्मेवारीको बाँडफाँड | पटक | १ | | | | | २ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | जनशक्तिको कार्यसम्पादन सुपरिवेक्षण र पेशागत सहयोग | पटक | नियमित | | | | | | | |
| ५ | जनशक्ति क्षमता विकासका लागि आवश्यकताको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | जनशक्तिको क्षमता विकासका क्रियाकलापहरुको योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | जनशक्ति क्षमता विकास योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | शिक्षा शाखा र विद्यालयहरुमा न्युनतम स्रोतसाधनको उपलब्धता | | आवश्यकताअनुसार | | | | | | | |
| ९ | सार्वजनिक सुनुवाइको आयोजना र सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| १० | सबै प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई जीवनउपयोग सिपसहितको सिकाइ वातावरणका लागि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | स्थानीय पाठ्यक्रमलाई जीवन उपयोगी सिपसहितको शिक्षाका दृष्टिले समयानुकूल परिमार्जन | पटक | | १ | | | १ | २ | २ | |
| १२ | विद्यालयमा सुशासन प्रवर्धनको अवस्था बारे अनुगमन र पेशागत सहयोग | | नियमित | | | | | | | |

## ६.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१. परिचय

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गरिरहेको छ ।

योजना कार्यान्वयनको प्रबन्धमा वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू उल्लेख गरिएको छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुऱ्याउनु पर्ने अर्को पक्ष भनेको यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणालीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु पर्नेछ। कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानून तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व पर्छन्। यस खण्डमा कार्यान्वयनको प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

### ६.२.२. वर्तमान व्यवस्था

शिक्षा व्यवस्थापन सूचना प्रणालीमार्फत योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। नगरपालिकाले शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्धका सम्बन्धमा विभिन्न किसिमका नीति तथा कार्यक्रमहरूको तर्जुमा गरिरहेको छ। विभिन्न किसिमका स्थानीय स्तरका शैक्षिक योजनाहरू निर्माण तथा त्यसको कार्यान्वयन गर्ने क्रममा हाल नगरपालिकाले भोग्नु परेका समस्या तथा चुनौतीहरू निम्नअनुसार छन् :

- शिक्षक तालिमका लागि आवश्यक जनशक्तिको क्षमता विकास गर्न,
- सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी विभिन्न किसिमका शिक्षा सम्बन्धी योजना निर्माण गर्न,
- आवश्यक सूचनाको सहज आदानप्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन,

### ६.२.३. उद्देश्य

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्नु,
- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्नु,
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरणका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्नु,

- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन कार्यको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु,
- बैठकहरू आयोजना गरी सामाजिक परीक्षण, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्नु ।

## ६.२.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछन् :

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने,
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला, बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,

## ६.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुनेछ ।

**ख) नतिजा**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

- शैक्षिक योजना निर्माण, कार्यान्वयन, अनुगमन र सहजीकरण हुनेछ ।
- स्थानीय तवरमा बजेटका स्रोतहरूको पहिचानसहित आवश्यकता पूर्ण बजेट निर्माण हुनेछ ।
- नगरपालिकाको शिक्षा सम्बन्धी योजनामा अभिभावक तथा सरोकारवालाहरूको अपनत्व विकास हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **एकाइ** | **भौतिकवर्ष ( ५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य ( ५ वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | निरन्तर | | | | | | | |

**परिच्छेद ७ - लगानी र स्रोत व्यवस्थापन**

## ७.१.१. परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राज्यको दीर्घकालिन विकासका लागि सहयोग गर्नुपर्छ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्तरूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। यसका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ।

नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ। यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ७.१.२. वर्तमान अवस्था

शिक्षा प्रवाह सुधार गरी बालबालिका मैत्री वातावरमा सबैका लागि गुणस्तरीय शिक्षाको प्रबन्धका लागि नगरपालिकाको लगानी आवश्यक देखिन्छ। अघिल्ला खण्डहरूमा विस्तृत रूपमा उल्लेख भएका तथ्याङ्क अनुसार साक्षरता दरमा वृद्धि, विद्यालयमा भर्ना दर, उत्तीर्ण दर विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगतिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रूपमा लिनुपर्छ। उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- शिक्षा सम्बन्धी राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्न ,
- सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउन,

- प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्न,
- सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न,
- शिक्षाक्षेत्रका विभिन्न उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्चशिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना प्राथमिकता र प्रतिशत निर्धारण गर्न,
- विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्न,
- शिक्षामा समता तथा समावेशिता सुधार गरी बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्न,
- गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई प्रोत्साहन गर्न,
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न,

### ७.१.३. उद्देश्य

योजनाको लगानी तथा स्रोत व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका तथा दायित्व स्पष्ट गर्नु,
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु ।

### ७.१.४. रणनीतिहरू

योजनाको लगानी तथा स्रोत व्यवस्थापनका सम्बन्धमा रणनीतिहरू देहाय बमोजिम हुनेछन् :

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाइनेछ ।

- वार्षिक रूपमा नगरपालिकाको कुल बजेटको न्युनतम् ३% देखि ५ % बजेट शिक्षाक्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ ।
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिनेछ ।
- लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ७.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

**ख) नतिजा**

- वित्तीय कार्यकुशलता, पारदर्शीता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३५५४ | ३६२५ | ३६९७ | ३७७२ | ३८४७ | |
| २. | आभारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक) कर्मचारीहरू समेत | ६८८१९ | ७५७०० | ७५७०० | ८३२७१ | ८३२७१ | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ३. | आभारभूत तह कक्षा (६-८)मा अंग्रेजी गणित र विज्ञान बिषयमा शिक्षण सहयोग अनुदान | ० | | | | | |
| ५. | प्रति विद्यार्थी लागतका अधारमा सिकाइ सामग्री ब्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ५९५ | ५९५ | ५९५ | ५९५ | ५९५ | |
| ६. | प्रारम्भिक बालविकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ५२५० | ५७७५ | ५७७५ | ६३५३ | ६३५३ | |
| ७. | माध्यमिक तह कक्षा ( ९-१०) मा अग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६३५८ | ६९९४ | ६९९४ | ७६९३ | ७६९३ | |
| ८. | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक राहत अनुदान शिक्षक लागि तलब | १४३९३ | १५८३२ | १५८३२ | १७४१६ | १७४१६ | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | भत्ता अनुदान | | | | | | |
| ९. | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २३२५ | २३२५ | २३२५ | २३२५ | २३२५ | |
| १०. | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ११५० | | | | | |
| ११. | विपत्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| १२. | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२) मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | १८२ | | | | | |
| १३. | शैक्षिक पहुँच सुनिक्षितता,अनौपचारिक तथा वैकल्पिक | १७०० | १७०० | १७०० | १७०० | १७०० | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | शिक्षा कार्यक्रम ( परम्परागत विद्यालय ,वैकल्पिक विद्यालय ,साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत | | | | | | |
| १४. | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मूल्याङ्कन ,शिक्षक मेन्टिरङ तथा विद्यालय सुपरीवेक्षण | ९४५ | | | | | |
| १५. | सामुदायिक विद्यालयका छात्राहरूलाइ निःशुल्क सेनिटरी प्याड व्यवस्थापन | ६९४ | ६९४ | ६९४ | ६९४ | ६९४ | |
| १६. | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय र मातृभाषाको समेत | १५६९ | १५६९ | १५६९ | १५६९ | १५६९ | |
| १७. | सार्वजनिक विद्यालयमा अध्ययनरत | २४५ | | | | | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | | | | | | |
| १८ | सहिद स्मृति आवासीय विद्यालय सञ्चालन अनुदान | २४२२० | २५००० | २६००० | २७००० | २८००० | |
| जम्मा | | | | | | | |

**(ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट हजारमा**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | विद्यालय नर्स | १८५६ | | | | | |
| २. | माध्यमिक शिक्षा गणित, विज्ञान, अंग्रेजी अनुदान | ११३६ | | | | | |

**(ग) स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ (हजारमा) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | बाल विकास शिक्षक, विद्यालय कर्मचारी थप तलब भत्ता | ५२,५० | | | | | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ (हजारमा) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| २. | घुम्ती शिक्षक परिचालन कार्यक्रम ( संगीत, नृत्य तथा एथलेटिक्स) | ५,०० | | | | | |
| ३. | प्राथमिक शिक्षक नगर अनुदान | ४,३० | | | | | |
| ४. | नगरपालिकाबाट नियुक्त बाल विकास शिक्षक पारिश्रमिक | ९,२५,० | | | | | |
| ५. | प्र.अ. बैठक | २,५०,० | | | | | |
| ६. | बैठक अनुगमन तथा प्रतिवेदन तयारी ( शिक्षा तथा खेलकुद शाखा) | ५० | | | | | |
| ७. | शिक्षक परिचयपत्र निर्माण | १० | | | | | |
| ८. | वार्षिक कार्यपात्रो निर्माण कार्यक्रम | ८० | | | | | |
| ९. | स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यसामग्री निर्माण | २,५० | | | | | |
| १०. | जिरी नगर शिक्षा योजना निर्माण | २,५० | | | | | |
| ११. | उच्च शिक्षा अध्ययन सहायता कोष स्थापना | ५,०० | | | | | |
| १२. | शिक्षा दिवस तथा पुरस्कार वितरण कार्यक्रम | १,८० | | | | | |
| १३. | विद्यालयस्तरीय परीक्षा संचालन कार्यक्रम | ३,०० | | | | | |
| १४. | कक्षा ८ को परीक्षा संचालन कार्यक्रम | ३,०० | | | | | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ (हजारमा) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १५. | बैठक, अनुगमन तथा प्रतिवेदन तयारी ( शिक्षा तथा खेलकुद शाखा) | १,०० | | | | | |
| १६. | शैक्षिक सामाग्री निर्माण कार्यशाला( विज्ञान/गणित) | ३,५० | | | | | |
| १७. | जिल्ला स्तरीय/नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ८,०० | | | | | |
| १८. | जिल्ला स्तरीय/नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १३,०० | | | | | |
| २०. | दिवा खाजाका लागि नगरपालिकाबाट थप खर्च | १०,००, | | | | | |
| २२. | खेलकुद प्रतियोगितामा सहभागिता, पुरस्कार तथा सम्मान कार्यक्रम | ५,५० | | | | | |
| २३. | शैक्षिक सशक्तिकरण केन्द्रको WISE कार्यक्रममा लागत साझेदारी | १,२५ | | | | | |
| २४. | विद्यार्थी अतिरिक्त क्रियाकलाप (हाजिरी जवाफ, वादविवाद, आदि) | ७० | | | | | |
| २५. | विद्यालय अनुगमन खर्च | १,०० | | | | | |
| २६. | विद्यालय बस सञ्चालन थप सहयोग | ४,५० | | | | | |
| २७. | सेतीदेवी प्रा.वि. | १,५० | | | | | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ (हजारमा) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | शैक्षिक स्तरोन्नति कार्यक्रम (जिरी-२) | | | | | | |
| २८. | नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ४,०० | | | | | |
| २९. | ठूलोपाताल मा.वि. आमा शिक्षा कार्यक्रम | १,०० | | | | | |
| ३० | पाथीभरा भूमेश्वर आ.वि. शैक्षिक स्तरोन्नति कार्यक्रम ( जिरी-१) | १,०० | | | | | |
| ३१ | जिरी क्याम्पस शैक्षिक व्यवस्थापन तथा प्रबर्द्धन कार्यक्रम | ४,०० | | | | | |
| **३२** | सर्वखासा गुम्बा विद्यालयका लागि सहयोग कार्यक्रम | ५,० | | | | | |
| **कुल जम्मा** | | १५४२०००० | | | | | |

**(घ) अन्य सङ्घसंस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ (हजारमा) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १. | Calls Over Ridges Nepal | १४३५४९३६ | | | | | |
| २. | Green Tara | ६३२५००० | | | | | |
| ३. | असल मित्र नेपाल | १४००००० | | | | | |

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ (हजारमा) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ४. | Himalayan leadership Development Center | ११२३५०० | | | | | |
| ५. | EEC Dhulikhel | १२५००० | | | | | |
| ६. | बाल वातावरण केन्द्र नेपाल | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |
| ११. | | | | | | | |
| १२. | | | | | | | |
| १३. | | | | | | | |
| १४. | | | | | | | |
| १५. | | | | | | | |
| जम्मा | | | | | | | |

### ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

| उपक्षेत्र /विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान | | | | |
|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रारम्भिक बालविकास र शिक्षा | | | | | |

| उपक्षेत्र /विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान | | | | |
|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| आधारभूत शिक्षा | | | | | |
| माध्यमिक शिक्षा | | | | | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | |

## परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

### ८.१ वर्तमान अवस्था

नगरपालिकाको शिक्षा शाखाका पदाधिकारीहरू मर्फत शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरीवेक्षण भई रहेकाछन्। विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा भएका सबल र कमजोर पक्षको जानकारी लिने तथा लक्ष्य र वास्तविक कार्यान्वनको अवस्था बिचको अन्तर पत्ता लगाउनका लागि नतिजा तालिका अनुसारको सूचना सङ्कलन गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लाई लिइएको छ। उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- अनुगमनलाई मागमा आधारित बनाउन, अनुगमनमा नियमितता र एकरूपता कायम गर्न,
- अनुगमन कार्यमा दोहोरोपना हटाउन, अनुगमनलाई योजनाबद्ध गर्न पद्धति विकास गराउन,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्न,
- अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष र विश्वसनीय बनाउन,

### ८.२. उद्देश्य

यस योजनाका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेको छ।

- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउने,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,

- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने ।

## ८.३. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र संजालीकरण गरिनेछ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइने छ ।
- योजनाका लागत, प्रक्रिया परिणाम, उपलब्धि र प्रभाव समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानूनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरिनेछ ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागु गर्ने प्रणालीको विकास गरिनेछ ।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध मिलाइनेछ ।

## ८.४. उपलब्धि, नतिजा, प्रमुख कियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

**ख) नतिजाहरू**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ ।
- अनुगमनका आधारमा नतिजामा सुधार हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुनेछ ।

- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन मुल्याङकनलाई नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुनेछ ।
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुनेछ ।

**ग) अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरू**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिकवर्ष ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ५ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | | | | १ | १ | |
| २ | अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण | पटक | १ | | | | | १ | १ | |
| ३ | मार्गदर्शन प्रबोधीकरण | पटक | आवश्यकता अनुसार | | | | | | | |
| ४ | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | | निरन्तर | | | | | | | |
| ५ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | | निरन्तर | | | | | | | |
| ६ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | | निरन्तर | | | | | | | |
| ७ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | | निरन्तर | | | | | | | |
| ८ | स्थिति प्रतिवेदन तयार गर्ने | | निरन्तर | | | | | | | |
| ९ | कार्यक्रम कार्यान्वयन | | निरन्तर | | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुस्तिका तयारी | | | | | |
| १० | विद्यालय कार्य सम्पादन एवम् स्वः मूल्याङ्कन गर्ने, गराउने | | निरन्तर | | | |

**सन्दर्भ सामग्रीहरू :**


- नेपालको संविधान (२०७२)
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- राष्ट्रिय शिक्षा नीति २०७६
- समावेशी आयोग नीति २०७६
- नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- समावेशी शिक्षा नीति २०७३
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- जिरी नगरपालिकाको पार्श्वचित्र २०८०
- जिरी नगरपालिकाको पाँचवर्षे आवधिक योजना
- राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९
- शिक्षा तथा मानवश्रोत विकास केन्द्र, २०८१
- भरतपुर महानगरपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना २०७९-०८८
- खाँडादेवी गाउँपालिकाको पाँच वर्षे गाउँ शिक्षा योजना २०८१-०८५
- शिक्षा क्षेत्र योजना विकास कार्य ढाँचा २०७७, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम रणनीति २०२३-०३२
- सोह्रौं योजना आ.व. २०८१/८२-२०८५/८६
- राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति २०७६
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५
- दिगो विकासका लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम २०७६
- जिरी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८१-०८२
- School Sector Development Plan 2016-2023, GoN., MoEST.

- बागमती प्रदेश शिक्षा नीति २०८१
- आर्थिक सर्वेक्षण २०८०/२०८१, नेपाल सरकार अर्थ मन्त्रालय
- बागमती प्रदेश आर्थिक सर्वेक्षण २०८०/२०८१,बागमतीप्रदेश सरकार, अर्थ मन्त्रालय
- स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१),
- विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८, School Education Sector Plan (SESP), 2022-2031,
- https://sespmission.moest.gov.np/public-page/jrm, Gon, Ministry of Education
- Ministry of Education, Science and Technology Education Review Office (https://ero.gov.np/)
- Flash 1 report 2081 (2024/25), government of nepal ministry of education, science and technology centre for education and human resource development sanothimi, bhaktapur

## अनूसूची

### अनूसूची १ : जिरी नगरपालिका स्थित शैक्षिक संस्थाको विवरण २०८१

| क्र.सं. | शैक्षिक संस्थाको नाम | वडा नं. | प्रकार | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री गर्जाङढुङगा मा .वि | १ | सामुदायिक | २१४ | |
| २ | श्री पाथिभरा भुमेश्वर प्रा.वि | १ | सामुदायिक | ३४ | |
| ३ | श्री पाँच पोखरी प्रा .विद्यालय | १ | सामुदायिक | ८ | |
| ४ | श्री रावुटार प्रा.वि | १ | सामुदायिक | ५ | |
| ५ | श्री बौद भुवनेश्वरी मा . वि | २ | सामुदायिक | २८५ | |
| ६ | श्री सेतिदेवि प्रा.वि | २ | सामुदायिक | ४२ | |
| ७ | श्री हलेश्वर आ.भु. वि | ३ | सामुदायिक | १४ | |
| ८ | श्री सूर्योदय प्रा.वि | ३ | सामुदायिक | ५ | |
| ९ | श्री सेतिदेवी प्रा.वि | ३ | सामुदायिक | १० | |
| १० | श्री फुजिङ प्राथमिक विद्यालय | ४ | सामुदायिक | १९ | |
| ११ | श्री देउराली प्राथमिक विद्यालय | ४ | सामुदायिक | १३ | |
| १२ | श्री जिरीश्वरी प्राथमिक विद्यालय | ४ | सामुदायिक | १९ | |
| १३ | श्री ढुङगेश्वरी मा.वि | ५ | सामुदायिक | २४८ | |
| १४क | श्री सरस्वती सामुदायिक मा.वि | ५ | संस्थागत | ३७० | |
| १५ | श्री चेर्दुङ प्रा.वि | ५ | सामुदायिक | ३७ | |
| १६ | श्री कुन्साङ थोन्डोलिङ गुम्बा | ५ | सामुदायिक | ११ | |
| १७ | श्री जिरी मा.वि | ६ | सामुदायिक | ५२७ | |
| १८ | श्री जेम एकेडेमी | ६ | संस्थागत | ३१० | |
| १९ | श्री सहिद स्मृति आवसिय मा.वि | ६ | संस्थागत | २४५ | |
| २० | श्री सेरल्पा प्रा.वि | ७ | सामुदायिक | २२ | |
| २१ | श्री देउराली प्रा.वि. हिले | ७ | सामुदायिक | ३७ | |
| २२ | श्री बज्युस्थान प्रा.वि | ७ | सामुदायिक | ७ | |
| २३ | श्री माथिल्लो सिक्रि प्रा.वि | ७ | सामुदायिक | ३६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | श्री छहारे प्राथमिक विद्यालय | ७ | सामुदायिक | ३९ | |
| २५ | श्री देउराली आ.वि | ८ | सामुदायिक | २१ | |
| २६ | श्री कालीदेवी मा.वि | ८ | सामुदायिक | ४ | |
| २७ | श्री धनमाले आधारभुत विद्यालय | ८ | सामुदायिक | ५० | |
| २८ | श्री ठुलोचौर प्रा.वि | ८ | सामुदायिक | ४६ | |
| २९ | श्री ठुलोपातल मा.वि | ९ | सामुदायिक | १४३ | |
| ३० | श्री कामेश्वर आ.वि | ९ | सामुदायिक | ३० | |
| ३१ | श्री कुशेश्वर प्रा. वि | ९ | सामुदायिक | ५ | |
| ३२ | श्री कालिका मा.वि | ९ | सामुदायिक | १६४ | |
| ३३ | श्री सर्वखासा गुम्बा | २ | सामुदायिक | ११ | |
| ३४ | जिरी क्याम्पस जिरी | ६ | सामुदायिक | ५७ | |
| ३५ | जिरी बुद्धिष्ट कलेज | ६ | सामुदायिक | १६ | |
| ३६ | जिरी प्राविधिक शिक्षालय | ५ | सामुदायिक | ३१७ | |

**स्रोत : EMIS, 2081;ITMS,2082**

**अनूसूची २ : शैक्षिक संस्थागत विद्यार्थी संख्या विवरण**

**अनूसूची ३ : सुझाव संकलन कार्यशालाका तस्विर तथा उपस्थिति पुस्तिका**